का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १७, अंक २८८
- १९ पुस २०७६, शनिबार
- 4 January 2020, Saturday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



हिमाली जिल्ला मुस्ताङको मुक्तिनाथमा शुक्रबार भएको हिमपात । मुस्ताङमा हिमपातसँगै बढेको चिसोले जनजीवन प्रभावित भएको छ । तस्वीर : निरज थकाली/रासस

# राष्ट्रियसभामा मिल्यो भागबण्डा

## सभामुखमा विवाद कायमै

**वीरेन्द्र साह/मध्यान्ह**
काठमाडौं, १८ पुस

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र राष्ट्रियसभाको उम्मेदवारमा सहमति जुटेको छ। तर, सभामुखका विषयमा भने विवाद जारी रहेको छ । बिहीबार र शुक्रबार बसेको नेकपाको सचिवालय बैठकले राष्ट्रियसभाका १६ जना उम्मेदवारको टुँगो लगाएको हो। जसमा पूर्व एमालेबाट ९ जना र पूर्व माओवादीबाट ७ जना परेका छन् ।

माघ ९ गते हुने राष्ट्रियसभा निर्वाचनका लागि नेकपाले प्रदेश १ मा नेकपाले महिला तर्फ इन्दु गौतम, दलितबाट गोपी अच्छामी र अन्यबाट देवेन्द्र दाहाललाई उम्मेदवार बनाएको छ। प्रदेश २ बाट महिलातर्फ तुलसा दाहाल र दलिततर्फ राधेश्याम पासवानलाई उम्मेदवार बनाउने निर्णय गरेको छ भने नेकपाले प्रदेश २ मा राजपाका लागि दुई सिट छोडेको छ।

त्यस्तै प्रदेश ३ बाट महिलामा गंगा बेलबासे र अन्यमा बेदुराम भुसाललाई उम्मेदवार बनाएको छ। भुसाल नेकपाका स्थायी समिति सदस्य हुन्। गण्डकी प्रदेशबाट अन्यमा नारायणकाजी श्रेष्ठ उम्मेदवार बनेका छन् । श्रेष्ठ नेकपाका सचिवालय सदस्य हुन्। त्यस्तै महिलामा भगवती न्यौपाने उम्मेदवार बनाएको छ ।

प्रदशे ५ मा नेकपाले महिलामा विमला घिमिरे र अपाङ्ग तथा अल्पसंख्यकतर्फ जगप्रसाद शर्मा र अन्यबाट गोपाल भट्टराईलाई उम्मेदवार बनाएको छ । प्रदेश ६ मा नेकपाले अन्यबाट मायाप्रसाद शर्मा, महिलाबाट सुनिता बिसी उम्मेदवार भएका छन्। सुदूरपश्चिम प्रदेशबाट अन्यबाट तारामान स्वाँर र महिलाबाट शारदा भट्ट उम्मेदवार भएका छन् ।

यसैबीच, नेकपाको सचिवालयले सभामुखको उम्मेदवारको टुँगो लागउन सकेको छैन। पूर्वमाओवादी पक्षले सभामुख पाउनु पर्ने दाबी अध्यक्ष प्रचण्डको रहेको छ भने पूर्व एमाले पक्षधरले पूर्वसभामुख सुभासचन्द्र नेम्वाङलाई सभामुख बनाउन चाहेको छ । जसकारण नेकपाभित्र सभामुख चयनको विवाद यथावत छ । नेकपाले सभामुखको उम्मेदवार चयन गर्न नसक्दा प्रतिनिधिसभाको बैठक प्रभावित हुँदै आएको छ ।




## बामदेवको सपना अधुरै

**काठमाडौं/मस–** सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नेता वामदेव गौतमको सांसद बन्ने सपना अधुरो बनेको छ। राष्ट्रियसभामा गौतमको प्रवेश रोकिएको छ। शुक्रबार नेकपाको सचिवालय बैठकले राष्ट्रियसभाका उम्मेदवारहरुको टुँगो लगाउँदा गौतमको नाम परेन । गौतमको सचिवालयका अनुसार उनी आफैले राष्ट्रियसभामा जान अस्वीकार गरेका छन् ।

यसअघि गौतमले प्रतिनिधिसभामा जान निकै प्रयास गरेका थिए । बर्दिया- १ बाट पराजित भएलगत्तै गौतमले तत्कालीन एमालेका वरिष्ठ नेता झलनाथ खनाललाई राष्ट्रपति बनाइदिने आश्वासन दिएर निर्वाचन क्षेत्र छाडिदिन आग्रह गरेका थिए । खनाल राष्ट्रपतिका आकांक्षी भए पनि गौतमलाई इलाममा गएर चुनाव उठ्न सजिलो थिएन । केही समयमै विद्या भण्डारी राष्ट्रपतिमा दोहोरिइन् । यस्तै प्रस्ताव गौतमले माधवकुमार नेपाललाई पनि गरेका थिए ।

तत्कालीन एमालेका तर्फबाट चुनाव जितेका सांसद नवराज सिलवाल विवादमा परेपछि गौतमले त्यहाँ पनि आफ्नो सम्भावना देखेका थिए । तर, त्यो प्रयास पनि सफल हुन सकेन । बर्दिया-१ बाँकी पृष्ठ २ मा

# सहमतिपछि फर्किंदै उखु किसान

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ पुस

आन्दोलनरत उखु किसान र सरकारबीच पाँच बुँदे सहमति भएपछि आन्दोलन स्थगित भएको छ। उनीहरु आन्दोलन स्थगित गरी सर्लाही फर्किन लागेको आन्दोलन समितिका संयोजक राकेश मिश्रले जनाएका छन् । उखु किसानको बाँकी सम्पूर्ण रकम माघ ७ गतेभित्र उपलब्ध गराउन सहजिकरण गर्ने सहमतिमा उल्लेख गरिएको छ ।

उखु किसानहरु र उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालयबीच भएको सहमति अनुसार उखु किसानहरुले तुरुन्तै आन्दोलन स्थगित गर्नेछन् ।

त्यस्तै उखुको उत्पादकत्व बढाउने, किसानलाई समयमै मल, बीउ लगायत मेसिन उपलब्ध गराउने, नेपाली चिनी उद्योगलाई आत्मनिर्भर बनाउन पहल गर्ने सहमति भएको छ। हरेक वर्ष देखिने भुक्तानी समस्या समाधानका लागि उखु बिक्री गरेको रकम तुरुन्त भुक्तानी हुनेगरी स्वचालित प्रणाली बनाउने सम्वन्धमा अध्ययन गरी प्रतिवेदन दिन मन्त्रालय सहसचिवको संयोजकत्वमा किसान प्रतिनिधी र विज्ञ सम्मिलित कार्यदल बनाउने र कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्ने सहमति भएको छ।



सरकारले अनुदानवापत प्रदान गर्ने रकम तुरुन्त उपलव्ध गराउनका लागि वाणिज्य तथा आपूर्ति मन्त्रालयले कृषि तथा अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउने भएको छ ।

उखु किसानको भुक्तानी, चिनीको आपूर्ति लगायतका विषयमा कुनै समस्या वा गुनासो आएमा किसान र उद्योगीले तत्काल गुनासो गर्न र सरकारले सम्वोधन गर्नका लागि आपूर्ति व्यवस्थापन महाशाखालाई सम्पर्क महाशाखाको रुपमा तोक्ने सहमति भएको छ ।

**यस्ता छन् पाँच बुँदे सहमति :**

१. नेपाल सरकारबाट निर्धारण भएको उखुको मूल्यबमोजिमको उखु किसानहरुको सम्पूर्ण बक्यौता रकम चिनी उद्योगीले २०७६ माघ ७ गतेभित्र भुक्तानी गरिसक्ने व्यवस्था मिलाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आवश्यक समन्वय र सहजीकरण गर्ने ।

२. उखु किसान र सञ्चालकहरुसँग सम्बन्धित उखुको उत्पादकत्व बढाउने, किसानहरुलाई समयमै मल, बीउलगायत मेसिन उपलब्ध गराउने, नेपाली चिनी उद्योगलाई आत्मनिर्भर र चिनी निर्यात समेत गर्नसक्ने बनाउन चिनी उद्योगको सहउत्पादनको उपयोग, उखुबापतको रकम तत्काल भुक्तानी गर्न चिनी उद्योगहरुलाई आवश्यक चालू पुँजी र नगद प्रवाहको व्यवस्थापनका उपाय सिफारिस गर्न तथा उखु किसानहरुको हरेक वर्ष देखिने भुक्तानी समस्याको दिगो समाधान गर्न उखु खरिदबिक्री गरेको रकम तुरुन्त भुक्तानी हुने स्वचालित प्रणाली बनाउने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिन यस (उद्योग) मन्त्रालयका सहसचिवको संयोजकत्वमा सरोकारवाला निकायहरु चिनी उद्योगी, किसान प्रतिनिधि र विज्ञहरु समेत रहेको कार्यदल गठन गर्ने र उक्त कार्यदलको प्रतिवेदन क्रमशः कार्यान्वयन गर्ने ।

३. नेपाल सरकारबाट उखु किसानहरुलाई उपलब्ध गराइने अनुदानबापतको रकम किसानहरुले समयमै नपाएको गुनासोका सम्बन्धमा समयमै पर्याप्त रकम निकासाको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले कृषि तथा पशुपक्षी विकास मन्त्रालय र अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउने ।

४. उखु किसानहरुको भुक्तानी, चिनीको आपूर्ति लगायतका विषयमा कुनै समस्या वा गुनासो भए उखु किसान र उद्योगीहरुले तत्काल जानकारी गराउन र सोको सम्बोधन गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको आपूर्ति व्यवस्थापन महाशाखालाई सम्पर्क महाशाखाको रुपमा तोक्ने ।

५. भुक्तानीका लागि काठमाडौंमा आई सरकारसमक्ष समेत माग राखेकोमा सबै किसानहरुले आजैबाट ध्यानाकर्षण गतिविधिहरु तुरुन्त स्थगित गर्ने ।

# प्रधानन्यायाधीशको प्रष्टोक्ती

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ पुस

प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराले 'एनसेल लाभकर विवाद'मा सर्वोच्चले गरेको फैसला गलत नभएको दाबी गरेका छन् । आफूले पदभार सम्हालेको १ वर्ष पुगेको अवसरमा सर्वोच्च अदालतमा शुक्रबार पत्रकार सम्मेलन गर्दै प्रधानन्यायाधीश राणाले एनसेल फैसलाको बचाउ गरेका हुन् ।

'तपाईहरुले हेर्न सक्नुहुनेछ दुवै फैसला सार्वजनिक नै छन् र आयकर ऐन पनि सार्वजनिक नै छ' उनले भने, 'सार्वजनिक पदाधिकारीलाई हामीले ऐन हेरेर कर निर्धारण गर्न भनेका थियौं तर उहाँहरुले कपि पेष्ट गर्नु भयो अनि फेरी व्याख्या गर्न परेको हो ।' आयकर ऐनको दफा १२० क र ख लाई कर अधिकृतले राम्रोसँग अध्ययन नगर्दा अदालतमाथि प्रश्न उठेको उनले दाबी गरे ।

त्यस्तै उनले निजगढ अन्तर ाष्ट्रिय विमानस्थलमा रुख काट्न तत्काल रोक लगाउने आदेशको प्रतिरक्षा गर्दै अदातलको आफ्नै दायित्व भएको दाबी गरेका छन् । निजगढ विमानस्थल बन्ला वा नबन्ला भन्दा पनि त्यहाँ भएका बहुमूल्य सम्पदाहरु नष्ट हुने विषयमा अदालत केन्द्रित भएको दाबी गरे ।




उनले सरकारले गर्ने काम र अदालतको संवैधानिक दायित्व फरक विषय भएको भन्दै अदालत राज्यका नागरिकको मात्र होइन प्रकृतिको संरक्षणप्रति पनि उत्तिकै जिम्मेवार हुने बताए । पत्रकार सम्मेलनमा उनले भने, 'नागरिकको अधिकार संरक्षण गर्ने र उनीहरुका कुरा सुन्ने संवैधानिक दायित्व अदालतको हो । अदालत राज्यका नागरिकमात्र होइन ढुंगामाटो, बनजंगल, जलचर र चराचुरुङ्गीको संरक्षणप्रति पनि उत्तिकै जिम्मेवार हुन्छ ।'

उनले एक वर्षको अवधिमा मुद्दा व्यवस्थापन तथा न्याय सम्पादन प्रक्रियामा उल्लेख्य सुधार आएको दाबी गरे। एनसेललाई कर तिराउन आदेश दिइएको, न्याय किनबेच गर्न खोज्ने कर्मचारी र बिचौलिया गरी ७० जनालाई रंगेहात पक्राउ गरिएको उनले बताए। राणाले न्यायपरिषद् समक्ष आएका विभिन्न न्यायाधीशका आचरणसम्बन्धी उजुरीको छानविन गरी १४७ मध्ये ६० वटा उजुरीको टुंगो लगाइएको जानकारी दिए ।

त्यसैगरी उच्च अदालत र जिल्ला अदालतका गरी ८ जना न्यायाधीशलाई अनुशासनको कारबाही गरिएको तथा एक जना जिल्ला न्यायाधीशलाई भ्रष्टाचार मुद्दा चलाइएको समेत प्रधानन्यायाधीश राणाले जानकारी दिए ।

त्यस्तै उनले सर्वोच्च अदालत फैसला छिटो लेख्न गम्भीर रहेको दाबी गरे । मुलुकी संहिताले २१ दिनभित्र फैसला लेख्न भनेपनि यो सहज नभएको बताए । फैसला लेखन सहज कुरा नभएको भन्दै उनले सकेसम्म छिटो लेख्ने कार्यमा अदालत लागीपरेको जानकारी दिए। फैसला लेखनकै लागि महाशाखा तयार गरिएको भन्दै उनले अब सहज हुने दाबी गरे । २०७५ फागुनमा ३ हजार ३ सय ९४ फैसला लेख्न बाँकी रहेकोमा २०७६ मंसिरसम्म १ हजार ९ सय ११ थानमात्र बाँकी रहेको जानकारी दिए ।

# जापानको नर्सिङ केयरका लागि २३ सयले परीक्षा दिन पाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ पुस

नेपालबाट जापानमा 'नर्सिङ केयर गिभर'का लागि लैजाने प्रयोजनका लागि भाषा परीक्षाको जिम्मेवारी पाएको जापान फाउण्डेसनले आगामी हप्तादेखि निरन्तर रुपमा परीक्षा सञ्चालन गर्ने भएको छ । फाउण्डेसनले सञ्चालन गर्ने परीक्षा सम्बन्धमा वैदेशिक रोजगार विभागको सूचना अनुसार जनवरी महिनाको ७ र ८ तारिख, जनवरीकै १४ देखि १६, २१ देखि २३, २८ र २९ तथा मार्च महिनाको ३ देखि ५, ९ देखि ११ र १५ देखि १९ तारिखस्म्म परीक्षा सञ्चालन हुने छ ।

त्यसमध्ये जनवरी महिनामा एक हजार जना र मार्च महिनामा १३ सय जना सहभागी हुन पाउने छन् । परीक्षाका लागि २५ सय रुपैयाँ शुल्क तोकेको विभागले सूचनामा उल्लेख गरेको छ। भाषा परीक्षार्थीहरुले कम्प्युटर प्रणालीबाट जापानी भाषाका अक्षर र शब्द, बुझाई तथा अभिव्यक्ति, सुनाई तथा लेखाइको परीक्षा दिनुपर्ने छ । सीप परीक्षा ६० मिनेट लामो हुनेछ । यसमा ४५ वटा प्रश्न सोधिने छन् ।

२ सय ५० प्वाईन्ट उतिर्णा'क राखिएको परीक्षामा उतिर्ण हुन कम्तिमा २ सय प्वाइन्ट अर्थात् ८० प्रतिशत अंक प्राप्त गर्नुपर्ने छ। विभागले दैनिक आईपर्ने काममा जापानी भाषा बोल्न लेख्न र बुझ्न सक्ने हुनुपर्ने, आफ्नो र परिवारको विषयमा जापानी भाषामा नै जानकारी दिन सक्नुपर्ने योग्यता तोकिएको सूचनामा उल्लेख गरेको छ। नर्सिङ केयर गिभरमा जान कुनै शैक्षिक योग्यता भने तोकिएको छैन ।

**वैदेशिक रोजगार विशेष**

## कुवेतमा गतवर्ष ४२ कामदारको मृत्यु

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा गएका मध्ये सन् २०१९ मा कुवेतमा ४२ जना नेपालीको मृत्यु भएको छ। कुवेतस्थित नेपाली दुतावासका अनुसार त्यसमा हृदयघात भई मृत्यु हुने कामदारहरुको संख्या १५ रहेको छ। मृत्यु हुने ४२ जनामा ३१ जना पुरुष र ११ जना महिला कामदार रहेका छन्।

मृतक मध्ये सडक दुर्घटनामा मृत्यु हुनेको संख्या ५, कार्यस्थलको दुर्घटना तथा आगलागीमा परि ४ जना, झैं झगडा र सांघातिक आक्रमणबाट १ जनाको मृत्यु भएको छ । मृत्युको कारण नखुेका कामदारको संख्या ७ रहेको दूतावासले जनाएको छ। मृतक मध्ये ३ जनाले आत्महत्या गरेका हुन्।

कुवेतमा विभिन्न उद्योग र घरेलु कामदारका रूपमा नेपालीहरू जाने गरेका छन्। झन्डै ७० हजार नेपाली कामदार रहेको कुवेतमा २५ हजार भन्दा बढी नेपाली महिला कामदार रहेको अनुमान छ।

# हटेन विवाद

**काठमाडौं/मस–** बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरुपण, मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिसमा विवाद जारी रहेको छ । शुक्रबार एक महिनापछि बसेको सिफारिस समितिको बैठकले पनि कुनै निर्णय लिन सकेन। सत्तारुढ नेकपा र प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसबीचको विवादले सिफारिस समितिले निर्णय लिन सकेको छैन ।

समितिकी सदस्य तथा प्रवक्ता शर्मिला कार्कीका अनुसार पहिला सार्वजनिक भइसकेकै नामबाट सिफारिस गरिने जानकारी दिइन्। दलका नेताहरूले मानवअधिकार आयोगले नमानेकाले हेरफेर गर्नुपर्ने तर्क गर्दै आएका छन्। गत मंसिर २ गते समितिले ६१ जनाको नाम सार्वजनिक गरेको थियो । नेकपा र कांग्रेसका नेताहरूले ती आयोगमा जान तयारी अवस्थामा रहेका केही सदस्यलाई 'तपाईंलाई त्यहाँ नलगी अन्यत्र लग्दा के हुन्छ ?' भनेर समेत सोधेको केही आवेदकहरूले जनाएका छन्।

यसअघि ६१ जनाको सूची सार्वजनिक भएपछि नेकपाका अध्यक्ष पुष्पकमल दाहालले एक सार्वजनिक कार्यक्रममा पुराना प्रतिनिधिलाई नराख्ने बताएका थिए भने मानवअधिकार आयोग र द्वन्द्वपीडितहरूले समेत सोही माग गर्दै सिफारिस समितिको सचिवालयमा उजुरी समेत हालेका थिए ।

दुवै आयोगका लागि सिफारिस समिति समक्ष व्यक्तिगत फाराम भर्नेमा मीना शर्मा, विष्णु पाठक, सलाहुद्दिन अख्तर सिद्धिकी, बाँकी पृष्ठ २ मा

जथाभावी रूख नकाटौं, वातावरणलाई स्वच्छ राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# उच्च पहाडी र हिमाली भू-भागमा हिमपात

**काठमाडौं/मस-** पश्चिमी न्यूनचापीय वायुको प्रभावले देशभर मौसम बदली भएको छ।

उपत्यकासहित देशको अधिकांश भूभागमा वर्षा तथा उच्च पहाडी र हिमाली भूभागमा हिमपात भएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

केही दिनयता नेपाल प्रवेश गरेको पश्चिमी वायुको प्रभावले देशभर बदली रही उच्च पहाडी तथा हिमाली भूभागमा मध्यमदेखि भारी हिमपात र देशभर हल्का वर्षा भएको मौसमविद् प्रतिभा मानन्धरले बताइन्।

'वर्षा लगातार नभई केही समय रोकिँदै फेरि शुरु हुने छ', मौसमविद् मानन्धरले भनिन्।

शनिबार देशभर सामान्य बदली रही उच्च पहाडी तथा हिमाली भूभागमा हल्कादेखि मध्यम हिमपात र पहाडका केही स्थानमा हलका वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। महाशाखाले आइतबार देशभर आंशिकदेखि सामान्य बदली रही उच्च पहाडी तथा हिमाली भूभागका एक-दुई स्थानमा हल्का हिमपात र पहाडका केही स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ।

**मुस्ताङमा हिमपात**

मुस्ताङमा पुनः हिमपातसँगै बढेको चिसोले जनजीवन प्रभावित भएको छ। वर्षा, हिमपात र चिसोका कारण सर्वसाधारणको दैनिकी, हवाई तथा सडक यातायात सेवा प्रभावित भएको हो। जोमसोम, मुक्तिनाथ, लोमान्थाङ, लेते, मार्फा, ठिनीलगायत मुस्ताङका सबै क्षेत्रमा हिउँ परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

सडकमा हिउँ जमेपछि जोमसोम-मुक्तिनाथ र जोमसोम-लोमान्थाङ सडकमा यातायात सेवा बन्द भएको छ। जोमसोममा आधा फिटसम्म बाक्लो हिउँ र जोमसोम माथिको गाउँहरुमा एक फिटसम्म बाक्लो हिउँ जमेको छ। मुस्ताङ जिल्लामा सञ्चारसमेत अवरुद्ध भएको प्रमुख जिल्ला अधिकारी वेदप्रसाद अर्यालले जानकारी दिए।



चिसो बढेकाले सर्वसाधारण घर बाहिर निस्कन नसकेको मुस्ताङका बासिन्दा सुवास थकालीले बताए। घरभित्रै आगो तापेर बसेका छन्। गाई, भेडा, चौरी, च्याङ्ग्रालगायत घरपालुवा जनावरलाई सुख्खा घाँसपात खुवाएर राखिएको छ। चरनका लागि छाडिएको छैन। पर्यटकीय स्थलहरु पनि सुनसान छन्। भारी हिमपातका कारण हवाई उडान नभएको जोमसोम नागरिक उड्डयनका कार्यालय प्रमुख दीपक विकले बताए। पोखरा-जोमसोम हवाई रुटमा दैनिक दुई वटा तारा एयरले उडान भर्ने गरेको थियो।

सरकारी कार्यालयमा सेवाग्राहीको उपस्थिति न्यून छ। सडक, पुल, भवन, सिँचाइलगायत विकास निर्माणका काम चिसोका कारण प्रभावित बनेको छ। उपल्लो मुस्ताङका बासिन्दाहरु कुरुवालाई घर जिम्मा लगाएर जाडो छल्न कात्तिकमै बेँसीका न्यानो स्थानमा झरेका थिए। वर्षा र हिमपातले कृषकहरुमा भने खुशीयाली छाएको छ। यो वर्ष मुस्ताङमा दोस्रो पटक हिउँ परेको हो। वर्षा भएपछि सिँचाइ हुने, खेतबारीमा राखेको मल भिजेर बिरुवालाई आवश्यक तत्व आपूर्ति हुने थासाङ गाउँपालिका-३ लेतेका कृषक नरसिङ शेरचनले बताए। हिउँ पग्लिएर खेतबारीमा हालेको मल भिज्ने र बोट बिरुवा फस्टाउने, उत्पादन बढ्ने कृषकहरु बताउँछन्। स्याउको परागसेचनका लागि माइनस तापक्रमको आवश्यकता पर्ने स्याउ जोनका कार्यालय प्रमुख माधव लम्सालले बताए। स्याउ, जौ, गहुँ, उवा, फापर बाली सप्रने जनाइएको छ।

**मुगुमा भारी हिमपात**

हिमाली जिल्ला मुगु लगायत कर्णालीका सबै जिल्लामा भारी हिमपात भएको छ। बिहीबारदेखि लगातार हिमपात भएपछि मुगुको जनजीवन प्रभावित भएको छ। लगातको हिमपातले मुगुको पूर्वी करान भेगका ९ वटै वडा, खत्याड गाउँपालिकाको खमाले, सेरी, कवा, चाकपाडे, लमेरा, कोटिल्लालगायत, सोरु गाउँपालिकाको, सोरुकोट, धैना, कालै, रुम र छायाँनाथ रारा नगरपालिको रारा, ताल्चविमान स्थल, बाम शोभा, लिउडी मुन्दु, कोटिल्ला झ्यारी, रोवा लगायतका स्थानमा एक फिट सम्म हिउँ जमेको छ।

हिउँमा रमाउँदै स्थानीयवासी डोटीको सदरमुकाम सिलगढीमा २५ वर्षपछि हिमपात भएको छ। सदरमुकाममै हिमपात भएपछि स्थानीयवासी हिउँमा रमाइरहेका छन्। पुरानो क्षेत्रीय सदरमुकाम दिपायल, पिपल्ला, राजपुर क्षेत्रका स्थानीयवासी हिउँ खेल्न जिल्ला सदरमुकाम सिलगढी आइरहेका छन्। हिउँमा चिप्लेटी खेल्ने तथा हिउँमा रमाउन आएकाहरुका कारण जिल्ला सदरमुकाम सिलगढीमा अहिले चहलपहल बढेको छ। सदरमुकाममा मात्रै करीब आधा फिट हिउँ परेको जिल्ला प्रहरी कार्यालय डोटीले जनाएको छ।

हिमपातसँगै जिल्लामा हल्का वर्षसमेत भएको छ। हिमपातसँगै चिसो बढेपछि यहाँको जनजीवन निकै प्रभावित बनेको हो। बिहीबार रातिदेखि भइरहेको हिमपातका कारण सुदूरपश्चिमका डोटीसहित अन्य पहाडी र हिमाली जिल्लाको जनजीवन कष्टकर बनेको छ। जिल्लाका लेकाली भेगमा बिहीबारदेखि भारी हिमपात भइरहेको हो। हिमपातका कारण एकाएक चिसो बढेपछि स्थानीयवासीलाई घर बाहिर निस्किनसमेत मुस्किल परिरहेको सिलगढीका स्थानीयवासी सिद्धराज जोशीले बताए।

भारी हिमपातका कारण डोटीका लेकाली बस्तीहरु अहिले हिउँले सेताम्य भएका छन्। जिल्लाको खप्तड, भल्मा, गोलादेउ, शिखर, नापानी, केदारधुरा, उदैनीलगायतका उच्च लेकाली क्षेत्रमा बाक्लो हिउँ परेको स्थानीय दीपकबहादुर खड्काले बताए।

उनका अनुसार ती क्षेत्रमा बाक्लो हिमपातका कारण स्थानीयवासीले गाईवस्तुसमेत चराउन गोठ बाहिर निकाल्न सकेका छैनन्। त्यस्तै सुदूरपश्चिमको प्रमुख पर्यटकीयस्थल खप्तडमा करीब तीन फिट जति हिउँ परेको नेपाली सेनाको सुदूरपश्चिम पृतना दिपायल रापजुरले जनाएको छ।

त्यस्तै अत्तरिया-स्याउले जोड्ने भीमदत्त राजमार्गमा पनि हिमपात शुरु भएको छ। बाक्लो हिमपात जारी रहे राजमार्ग अवरुद्ध हुनसक्ने जिल्ला ट्राफिक प्रहरी कार्यालय दिपायलका प्रमुख अशोक खड्काले जानकारी दिए। यस वर्ष डोटीमा तेस्रोपटक हिमपात भएको हो। बाक्लो हिउँ परेपछि यहाँका पानी नलाग्ने उच्च लेकाली क्षेत्रमा खेती सप्रिने आशामा किसान खुशी भएका छन्। बाक्लो हिमपात भएपछि खप्तड आसपास क्षेत्रका विद्यालयसमेत बन्द गरिएका छन्। हिमपातसँगै चिसो बढेपछि वृद्धवृद्ध तथा बालबालिकामा ज्वरो, निमोनिया, रुघाखाकीजस्ता समस्याले सताएको जिल्ला अस्पताल डोटीका निमित्त मेडिकल सुपरिटेण्डेण्ड डा.ज्योति पाण्डेले बताए।

उनका अनुसार अहिले अस्पतालमा कम्तीमा पनि ३० सम्म बिरामी भर्ना भएका छन्। हिमपातले चिसो बढेकाले घर बाहिर ननिस्कन तथा झोलिलो खानेकुरा खान चिकित्सकले सबैमा सल्लाह दिएका छन्। त्यस्तै सुदूरपश्चिमका पहाडी जिल्ला बैतडी, बझाङ, बाजुरा, अछाम, डडेल्धुरा तथा दार्चुला जिल्लामा बिहीबार रातिदेखि भारी हिमपात भइरहेको छ। हिमपातकै कारण बैतडीमा विद्युत् सेवा अवरुद्ध भएको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय दिपायलले जनाएको छ। खोड्पे, श्रीभावर, ढोल्यामोड, सिगासधुरालगायतका क्षेत्रमा बिहीबार दिउँसोदेखि फेरि हिमपात भएको हो।

# विद्यालयका पानीमा कोलिफर्म

मकवानपुरका विद्यालयको पानीमा कोलिफर्म रहेको भेटिएको छ। जिल्लाको मनहरी गाउँपालिकाका करिब ५० प्रतिशत विद्यालयको पिउने पानीमा कोलिफर्मको अत्याधिक मात्रा रहेको पाइएको हो।

बालबालिकाले खाने गरेको पानी गाउँपालिकाले जाँच गराउँदा अधिकाँश विद्यालयमा कोलिफर्मको मात्रा अधिक रहेको पाइएको गाउँपालिकाका अध्यक्ष एकराज उप्रेतीले बताए। बालमैत्री गाउँपालिका घोषणाको अन्तिम तयारीमा पुगेको अवस्थामा खानेपानी नै पिउन अयोग्य देखिएकाले समस्या भएको उनको भनाइ छ।

बालमैत्री हुनका लागि पिउने पानी शुद्ध हुनुपर्ने र अब गाउँपालिकाले यस कार्यलाई अगाडि बढाउने अध्यक्ष उप्रेतीले जानकारी दिए। जाँच गराउँदा १४ विद्यालयको पानी पिउनै नहुने पाइएको र आठ विद्यालयको पानी प्रशोधन गरेर पिउन मिल्ने पाइएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख टीकाराम अधिकारीले बताए। दश विद्यालयको पानी भने पिउन योग्य पाइएको उनको भनाइ छ।

मनहरी गाउँपालिकालाई आगामी पुस २५ गते नोपालकै पहिलो बालमैत्री गाउँपालिका घोषणा गर्ने तयारी अन्तिम चरणमा पुगेको छ। बालमैत्री घोषणा गर्नुपूर्व ३९ वटा सूचक पार गरेको हुनुपर्छ। जसमध्ये विद्यालयमा सफा पिउने पानी सहज रुपमा उपलब्ध भएको हुनुपर्छ। सबै विद्यालयका बालबालिकाले पिउने पानीको नमूना संकलन गरी गाउँपालिकाले ४८ घण्टा लगाएर परीक्षण गरेको थियो।

विद्यालयमा रहेका सबैखाले शैक्षिक समस्या सुधार गर्नका लागि योजना बनाएर अगाडि बढ्ने प्रयास भइरहेको गाउँपालिकाका अध्यक्ष उप्रेतीले बताए। उनले भने, 'खानेपानी पहिलो प्राथमिकताको विषय हो, सफा पिउने पानी नै उपलब्ध छैन भने हजारौं बालबालिकाको स्वास्थ्यस्थितिमा गम्भीर संकट पर्नेछ, त्यसैले विद्यालयमा भौतिक पूर्वाधारको विकास गरी शैक्षिक प्रगति गर्दै लैजानेमा हाम्रो पहल हुनेछ।'

# कांग्रेस र समाजवादीबीच चुनावी तालमेल

**काठमाडौं/मस।** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस र समाजवादी पार्टीबीच आसन्न राष्ट्रिय सभा निर्वाचनमा तालमेल गर्ने सहमति भएको छ। माघ ९ मा हुन गइरहेको राष्ट्रिय सभा निर्वाचनमा चुनावी तालमेल गर्ने सहमति भएको हो। शुक्रबार काठमाडौंमा बसेको दुई पार्टीका शीर्ष नेताहरूको बैठकले यस्तो सहमति गरेको हो।

चुनावी तालमेल गर्ने सहमति बमोजिम प्रदेश नं. २ मा हुने ४ पदको निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट महिला र अल्पसंख्यक र समाजवादी पार्टीका तर्फबाट दलित र अन्य पदमा उम्मेदवारी दिने सहमति गरिएको हो। सहमति पत्रमा कांग्रेसको तर्फबाट सभापति शेरबहादुर देउवा र समाजवादी पार्टीका तर्फबाट अध्यक्ष उपेन्द्र यादवले हस्ताक्षर गरेका छन्।

यसअघि सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र राष्ट्रिय जनता पार्टी (राजपा) बीच पनि चुनावी तालमेल गर्ने सहमति भएको थियो। पार्टीहरूबीचको यस्तो तालमेललाई निकै रोचक तरिकाले हेरिएको छ।

# 'तीन वर्षभित्र घरघरमा पानी हुन्छ': मुख्यमन्त्री

प्रदेश-५ का मुख्यमन्त्री शंकर पोखरेलले अबको तीन वर्षभित्रै आफ्नो प्रदेशका प्रत्येक घर, विद्यालय र सार्वजनिक क्षेत्रमा खानेपानी पुग्ने बताएका छन्। उनले प्रदेश सरकारले सबैको घरमा पानी जसरी पनि पुऱ्याउन अभियान थालेको बताए। दाङको घोराहीबाट प्रकाशन हुँदै आएको गणतन्त्र राष्ट्रिय दैनिकको १३औं वार्षिक उत्सवको अवसरमा बोल्दै मुख्यमन्त्री पोखरेलले पछिल्लो समय पानीको अभावको कारण सरसफाइमा चुनौती देखिएको हुँदा सरकारले पानी उपलब्धताको लागि अभियान थालेको उनको भनाई छ। 'हामीले प्रदेशका सबै सामुदायिक विद्यालयमा शौचालय बनाउने कार्यलाई अभियानको रुपमा सञ्चालन गरेका छौं।' उनले भने, 'प्रत्येक विद्यालयमा छात्रछात्राको लागि अलगअलग शौचालय बन्न थालेका छन् तर पानीको अभावले शौचालय उपयोगमा समस्या आएको देखिएको छ।'

कार्यक्रममा बोल्दै उनले युवालाई देशमै स्वरोजगारका ढोकाहरु खोज्न आग्रह गरे। उनले देशमा हुने स्वरोजगारका कामलाई सानातिना भन्दै काम नगरेर युवा खाडीको तातोघाममा जस्तौसुकै काम गर्न जानु दुखद् भएको भन्दै चिन्ता व्यक्त गरे। मुख्यमन्त्री पोखरेलले भने, 'हाम्रो गाउँशहरमा कपाल काट्ने, तयारी कपडा बिक्री गर्ने, मिठाइ बनाउने, कपडा सिलाउने, भाडा बनाउने, फलफूल बेच्ने, साइकल, मोटरसाइकल बनाउनेलगायत काम छिमेकी देशबाट आएर अरुले गरिरहेको छ। तर यहाँका युवाले त्यसलाई कामै नठान्दैनन्।'

देशभित्रै दैनिक नगद कमाउने कामलाई युवाले गर्न नमाने भन्दै आमसञ्चार माध्यमले अब युवालाई सामाजिक चेनता विस्तारको काम गर्न आग्रह गरेका छन्। विसं २०६४ मा स्थापना भएको गणतन्त्र राष्ट्रिय दैनिकले सामुदायिक विद्यार्थीलाई न्यानो कपडा, झोला, छात्रालाई स्यानिटरी प्याड वितरण गरेको थियो भने स्वरोजगारमा लागेर राम्रो काम गरिरहेका युवालाई सम्मानसमेत गरेको थियो।

# सडक डिभिजन कार्यालय लहानका प्रमुखसहित तीन जना पक्राउ

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, १८ पुस

सिरहाको लहानस्थित सडक डिभिजन कार्यालयका प्रमुखसहित तीन जनालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले पक्राउ गरेको छ। सडक डिभिजन कार्यालयको आवासबाट उनीहरुलाई पक्राउ गरिएको हो।

श्रोतका अनुसार सडक डिभिजन कार्यालय लहानका प्रमुख सहित केही कर्मचारीहरुलाई शुक्रबार साँझ आयोगको टोलीले रकम सहित पक्राउ गरेको हो।

अख्तियारले कार्यालय प्रमुख बिनोद साह, इन्जिनियर नविन साहसहित तीन जनालाई नियन्त्रणमा लिएको छ। टोलीले नविन साहको निवासमा छापा हानेको हो।

उनीहरुमाथि शुक्रबार साँझ अबेरसम्म कार्यालय र कार्यालयको आवासमा अनुसन्धान भएको बुझिएको छ।

# माग पूरा नभए फोहोर फाल्न नदिने चेतावनी

**काठमाडौं/मस-** नुवाकोटको बञ्चरे डाँडामा दुई वर्षमात्र फोहोर फाल्ने सम्झौता भएको थियो।

तत्कालिन समयमा काठमाडौंको फोहोर व्यवस्थापनका लागि स्थानीयबासीसँग यस्तो सम्झौता भएको थियो।

दुई वर्ष भनेर १४ वर्ष फोहोर फालेर सम्झौताअनुसार काम नभएको शहरी विकास मन्त्रीसहितको बञ्चरे डाँडाको अनुगमनमा गएको टोलीसँग स्थानीयको गुनासो गरेका छन्।

स्थानीयले अनुगमन टोलीसँग आफ्ना माग पूरा गर्न आग्रह गर्दै माग पूरा नभएसम्म बञ्चरे डाँडामा फोहोर फाल्न नदिने चेतावनी समेत दिए।

## राष्ट्रिय...

बाट हारेका गौतमले बर्दिया-२ मा पनि प्रयास गरेका थिए। तर, त्यहाँ पनि मेसो मिलेन। उनले पूर्वी रूकुमकी सांसद कमला रोक्कालाई फकाउन खोजेका थिए। गौतमले आफू सांसद बन्न हुम्लाका सांसद धनबहादुर बुढा र बैतडीका सांसद दामोदर भण्डारीलाई पनि मनाउने प्रयत्न गरेका थिए।

पछिल्लो प्रयास भने उनले काठमाडौं-७ मा लगाए। यस क्षेत्रका सांसद रामवीर मानन्धर राजीनामा दिन तयार पनि भएका थिए। तर, गौतमको यो प्रयास पनि सार्थक भएन। गत मंसिर १५ गते सम्पन्न उपनिर्वाचनमा पनि कास्की-२ बाट गौतम उम्मेदवार बन्ने चर्चा चलेको थियो। त्यसको खण्डन उनले पोखरा पुगेरै गरे। स्व. अधिकारीको शोकसभामा गौतमले भनेका थिए, 'म रवीन्द्रको क्षेत्रबाट चुनाव लड्दिन। राष्ट्रियसभामा लग्ने प्रस्ताव प्रधानमन्त्रीज्यूले गर्नुभएको छ। म त्यसमा विचार गर्छु।'

प्रतिनिधिसभामा केही नलागेपछि गौतम राष्ट्रिय सभामा भए पनि जान तयार भएका थिए। उनको आकांक्षा प्रधानमन्त्रीसम्म हुने थियो। राष्ट्रिय समाचार समिति (रासस) सँगको अन्तर्वार्तामा गत मंसिर २२ गते गौतमले संविधान संशोधन गरेर राष्ट्रिय सभाका सदस्य पनि प्रधानमन्त्री हुन पाउने व्यवस्था भएमात्रै आफू राष्ट्रिय सभामा जाने बताएका थिए। प्रधानमन्त्री केपी ओलीले उनलाई राष्ट्रियसभा सदस्य बन्न प्रस्ताव गरेका थिए। गौतमले अस्वीकार गरे पनि शुक्रबारको सचिवालय बैठकमा राष्ट्रियसभाको उम्मेदवार बनाउने लिष्टमा उनको पनि नाम थियो। तर, बैठकबाट निर्णय भएर आउँदा उनको नाम परेन। सचिवालय बैठकमा राष्ट्रियसभा उम्मेदवारका लागि गौतमको पनि नाम गएको पुष्टि प्रवक्ता श्रेष्ठले गरेका छन्। गौतमको सचिवालयका अनुसार गौतम स्वयंले राष्ट्रियसभामा जान अस्वीकार गरेका हुन्। राष्ट्रियसभाको सदस्य प्रधानमन्त्री बन्न सक्ने अवस्था नरहेकोले उनी अनिच्छुक भएको सचिवालय स्रोतले जानकारी दियो।

## हटेन...

हरिहर पौडेल, दुर्गाबन्धु पोखरेल, देवेन्द्रप्रसाद अधिकारी, वेदप्रसाद भट्टराई, दुमनसिंह थापा क्षेत्री, रामनारायण देव, प्रचण्डराज प्रधान, रेवन्तबहादुर कुँवर, अली अकबर मिकरानी, ओमप्रकाश लामिछाने, मुकुन्दप्रसाद अधिकारी, सुनिल रञ्जन सिंह रहेका छन्।

यसैगरी, मन दाहाल, मधुप्रसाद रेग्मी, दुर्गाबहादुर घले, ताराबहादुर न्यौपाने, केदार कफ्ले, गिरिन्द्रराज अधिकारी, डा. संग्रामसिंह लामा, आशिकराम कार्की, युवराज सुवेदी, सरिता थापा, गोपिचन्द्र भट्टराई, मोहनलाल आचार्य, झमकप्रसाद शर्मा, सीताराम घले परियार, सतिशराज मैनाली, वीरेन्द्रप्रसाद थपलिया, शोभा कार्की, कमलनारायण दास, विनोदकुमार पौडेल, मिलन श्रेष्ठ र नारायणप्रसाद धिताल रहेका छन्। त्यसैगरी, फाराम भर्नेमा विष्णुप्रसाद तिमल्सिना, शिवदत्त भण्डारी, सीताप्रसाद पोखरेल, श्रीराम अधिकारी, गोविन्द गौतम, विश्वप्रकाश भण्डारी, अरविन्दकुमार सिंह, वसन्तप्रसाद अधिकारी, विष्णु पोखरेल, पद्मा आचार्य, महेश्वर रोका, रामजी कार्की, सुवर्णकुमार कर्माचार्य र मैयादेवी दाहाल रहेका छन्।

विभिन्न संघ संस्थाबाट सिफारिस गरिएकामा माधवी भट्ट पराजुली, चूडामणि शर्मा, लक्ष्मी पोखरेल, विजुलकुमार विश्वकर्मा तथा समितिको तर्फबाट थपिएकामा श्रीकृष्ण सुवेदी, मञ्चला झा, लोकेन्द्र मल्लिक, आइबहादुर गुरुङ, नरकुमारी गुरुङ, गणेशदत्त भट्ट र डा गंगाधर अधिकारी रहेका छन्।


**माइग्रेसन हरायो**

मिति २०७६/०९/१० गते सात्दोबाटो बाट कोटेश्वरसम्म जाँदा मेरो माइग्रेसन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु।

जारी मिति : २०६५/०५/१८
नाम : बिजय सिंह लामा
ठेगाना : बाह्रबिसे-०४, सिन्धुपाल्चोक
सिम्बोल नं. : P०२४६४०१
रजिष्टेशन नं. : ६४२७६३७०५
फोन : ९८०१०९९३४४

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्री **रशियन ओभरसिज प्रा.लि. (ई.प्र.नं. ४९२) (खोज भएको संस्था)** ले धितो राखेको तपसिल बमोजिमको जग्गा फुकुवा गर्ने सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजि जग्गा फुकुवा भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

| जग्गा धनीको नाम | कित्ता नं. | क्षेत्रफल | ठेगाना |
|---|---|---|---|
| १. श्री साईली तामाङ | १००७ | ५-४-०-० | साविक नाल्दुम बालुवापाटी-४ हाल मण्डनदेउपुन न.पा.-२, काभ्रेपलान्चोक |

त्रिभुवन विश्वविद्यालय
**समाजशास्त्र केन्द्रीय विभाग**
कीर्तिपुरको सूचना।
प्रकाशित मिति २०७६।०९।१९

यस विभागको अगाडिको परिसरमा फुल विरुवासहितको वगैंचा निर्माण गर्नु पर्ने भएकोले विभागमा उपलब्ध मापदण्डको अनुसारको जमीन निर्माण, रुखविरुवा र फुलसहितको वगैंचा निर्माणको अनुभव र दखल भएका सम्बन्धित व्यक्ति, फर्म/कम्पनीबाट सूचना प्रकाशित भएको ७ दिनभित्र सिलबन्दी दरभाउपत्र (कोटेशन) उपलब्ध गराउन यो सूचना प्रकाशन गरिएको छ। अन्य विस्तृत विवरणको लागि विभागमा सम्पर्क राख्न हुन जानकारी गराइन्छ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**अत्यन्त जरुरी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्री **एस. भि. एसोसियट्स प्रा.लि. (ई.प्र.नं. २५६/०५८/०५९) ले मलेसियास्थित EZYTRONIC SDN.BHD. कम्पनीमा कामदार पठाउन KDN No. 16031/HDAVV 31499 तथा वैदेशिक रोजगार विभागबाट मिति २०७६/०८/०८ मा LT No. 227751 बाट पुर्व स्वीकृति लिई मिति २०७६/०८/०९** मा मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन समेत प्रकाशित गरी सकेकोमा उक्त पूर्व स्वीकति रद्द गरिदिन मिति २०७६/०९/१४ मा निवेदन गरेको छ। उक्त इजाजत प्राप्त संस्थाले माथि उल्लेखित **LT No.** बमोजिम कामदार पठाउन विज्ञापन प्रकाशित समेत गरिसकेको अवस्थामा सोहि प्रयोजनार्थ कसैको राहदानी लिएको वा आर्थिक कारोबार गरेको/भएको भए सोको दावी सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न हुन सबै सरोकारवाला, व्यक्ति/श्रमिकहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मलेसियामा रोजगारको अवसर** | कम्पनी : **FUJI ROTO GRAVURE SDN BHD**
शहर : **JOHOR**

पूर्व स्वीकृत मिति: २०७६/०९/१८ | चलानी नं.: ६०१४९५२४ | LT. No.: 230543

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 12 | 0 | स. काममा दक्ष | 1100 | ३०,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २६ गते (11 Jan. 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**DITYA INTERNATIONAL PVT. LTD.**
Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 4492260
Mob.: 9823729649. 9808822566 .9808763291
श्रम ई. पत्र नं.: ११७१/०७३/०७४
E-mail : dityainternational1171@gmail.com, Web.: www.dityainternational.com

**साउदीमा रोजगार** | कम्पनी : **EXPERTISE CONTRACTING CO.**
शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७५/१०/२७ | पुन स्वीकृत मिति: २०७६/०९/१८ | चलानी नं.: ६०१७२२७ | पून चलानी नं.: ५५२ | L.T. No.: 217364

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Driver | 42 | 0 | | 1800 | ५४,६५० | | | | | | | |
| 3. | Heavy Equipment Operator | 59 | 0 | | 2500 | ७५,९०० | | | | | | | |

**अन्तर्वार्ता दियालो पार्टी प्यालेस बसुन्धरा, काठमाडौंमा माघ ३ गते (17 Jan. 2020) मा चोभारको चौरमा, काठमाडौंमा माघ ४ गते (18 Jan. 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Gulf Sky International Pvt. Ltd. Foreign Employment Consultants
**गल्फ स्काई ईन्टरनेशनल प्रा. लि.**
बसुन्धरा-३, काठमाडौं, Email: gulfskyintl890@gmail.com, फ्याक्स : ४३८२५५९
श्रम ईजाजत नं. ६९०/०६७/०६८
फोन नं. : ४३८२५८६, ४३८७७५२, ९८१८०७४२९५, ९८४१७९२८८८, ९८६१७९२५६

# नेपाललाई चीनको सुझाव
# 'एमसीसी'बारे स्वतन्त्र निर्णय लिनुपर्छ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ पुस



चीनले अमेरिकाको मिलिनियम च्यालेन्ज कोअपरेसन 'एमसीसी' बाट सहयोग लिने विषयमा नेपालले स्वतन्त्र निर्णय गर्नुपर्ने प्रष्ट पारेको छ । 'एमसीसी' सहयोगबारे नेपालका राजनीतिक दलहरु नै विभाजित भइरहेको समयमा शुक्रबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा चिनियाँ राजदूत होउ यान्कीले कसैको दवावमा भन्दा नेपालले आफ्नो हित हेरेर अन्तर्राष्ट्रिय सहयोग स्वीकार्नुपर्ने बताएकी हुन् ।

'नेपालको विकासका लागि अन्तर्राष्ट्रिय आर्थिक सहयोग अपरिहार्य छ, त्यस्ता सहयोगले नेपालको राष्ट्रिय हित सुनिश्चित हुनुपर्छ भन्ने मेरो मान्यता छ, नेपालको विकासका निम्ति प्राप्त हुने बाह्य सहयोगको चीन स्वागत गर्छ,' राजदूत हउले भनिन् ।

उनले नेपालले चीनसँग मात्र सहयोग लिनुपर्छ भन्ने नरहेको र आर्थिक उन्नतिका लागि कुनै पनि देशसँग सहयोग लिन सक्ने पनि उल्लेख गरिन् । राजदूत होउले चीनले अघि सारेको 'टु प्लस वान'को अवधारणा पनि चीन र भारतले नेपाललाई 'डिक्टेट' गर्ने उद्देश्यले नआएको बताइन् । सबै देश समान हुने त्रिदेशीय सहकार्यमा आधारित भएर यो अवधारण आएको उनको भनाइ थियो । सोही अवधारणा अनुसार अफगानिस्तानका सुरक्षाकर्मीलाई चीन र भारतले संयुक्त रुपमा तालिम दिइरहेको उनको भनाइ छ ।

त्यस्तै राजदूत होउले आतिथेय देशको ऐन कानूनविपरीत गतिविधि गर्ने आफ्नो राष्ट्रका नागरिकको प्रतिरक्षा नगर्ने स्पष्ट गर्दै अपराध गर्नेहरूलाई कानूनको दायरामा ल्याउन सघाउने प्रतिबद्धता व्यक्त गरिन् । साथै, उनले चीनको राष्ट्रिय स्वार्थ र सुरक्षामा नेपालबाट सुरक्षा जोखिम नरहेको बताउँदै चीनको समृद्धि तथा चीन-नेपालबीचको सुमधुर सम्बन्धलाई नरुचाउने केही तत्वबाट जोखिम भने रहेको जनाइन् । यस्ता अवाञ्छित तत्वबाट सचेत रहनुपर्ने आवश्यकता पनि उनले औंल्याएइन् ।

पारस्परिक विश्वास र सहयोगमा आधारित चीन-नेपाल सम्बन्धलाई झिनामसिना मुद्दाले खासै प्रभाव नपार्ने तर युगौंदेखिको द्विदेशीय मैत्रीमा ठेस पुर्‍याउन प्रयास गर्नेहरूविरुद्ध सजग हुनैपर्ने साझा दायित्वलाई बिर्सन नहुने अभिमत सार्वजनिकरूपमा नै उसले प्रकट गरेको छ ।

राजदूत होउले केही पश्चिमा मुलुकले चीनको समृद्धि देख्न नचाहेको तथा उनीहरूले हङकङ र सिनजियाङको विषय उछालेर चीनमाथि निरन्तर आक्रमण गरिरहेको आरोप लगाइन् । उनले चीन सरकारले आफ्नो संविधानअनुसार 'एक राष्ट्र दुई पद्धति' को आधारभूत राष्ट्रिय नीति अवलम्बन गर्दै त्यहाँको शान्ति र एकताका लागि काम गरिरहेको बताइन् ।

चीनका लागि नेपाल इञ्जिनीयरिङलगायत भौतिक पूर्वाधार निर्माणजस्ता प्राविधिक क्षेत्रमा सहयोग प्रवर्द्धन गर्ने प्रमुख थलो बन्यो भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको मर्मतसम्भार तथा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा चिनियाँ पक्षबाट महत्वपूर्ण योगदान भइरहेको जानकारी दिँदै उनले नेपालको सामाजिक-आर्थिक समृद्धिमा सक्दो सहयोग गर्न चीन तत्पर रहेको दोहोर्‍याइन् ।

सन् २०१९ मा चीन-नेपाल सम्बन्धमा नयाँ आयाम थपिएको, राष्ट्राध्यक्षको तहमा द्विपक्षीय भ्रमण सफलतापूर्वक सम्पन्न भएका, राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणका बेला द्विपक्षीय साझेदारी, सहकार्य र सहयोगसम्बन्धी २० सम्झौता एवं समझदारीपत्रमा हस्ताक्षर भई तिनलाई चाँडोभन्दा चाँडो कार्यान्वयन गर्न नेपाल सरकारका सम्बद्ध निकायसँग निकट सम्पर्कमा रहेर आफूले काम गरिरहेको चिनियाँ राजदूतले बताइन् ।

# प्रधानमन्त्रीको पुनः डायलासिस



**काठमाडौं/मस**–प्रधानमन्त्री केपी शर्मा ओलीको शुक्रबार पुनः डायलासिस गरिएको छ । त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा प्रधानमन्त्री ओलीको नियमित गरिँदै आएको मिर्गौलाको डायलासिस गरिएको हो । शुक्रबार १२ औं पटकको डायलासिस गरिएको उनको सचिवालयले जानकारी दिएको छ ।

प्रधानमन्त्री ओलीको १२ वर्ष अघि मिर्गौला प्रत्यारोपण गरिएको थियो । मिर्गौलामा समस्या देखिएपछि ओलीले नियमित डायलासिस गराउँदै आएका छन् । यसअघि प्रधानमन्त्री ओलीको महराजगञ्जस्थित मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा एपेन्डिक्सको शल्यक्रिया गरिएको थियो । सो शल्यक्रियापछि प्रधानमन्त्री ओली औपचारिक कार्यक्रममा कमैमात्र उपस्थित हुने गरेका छन् ।

प्रधानमन्त्री ओलीको मिर्गौलाको आयु बढाउन सिंगापुरमा विविध किसिमको उपचार गरिएपनि प्रभावकारी हुन सकेन । प्रधानमन्त्री ओलीको सिंगापुरमा नेशनल युनिभर्सिटी अस्पतालमा फेरिसस प्लाज्माफेसेसिस प्रक्रियामार्फत रगतमा भएको 'एन्टीबडी' निकालिएको थियो । प्रधानमन्त्री ओलीको पुनः दोस्रो पटक मिर्गौला प्रत्यारोपण गराउनुपर्ने चिकित्सकहरुले यसअघि नै बताउँदै आएका छन् ।

# गुण्डागर्दीमा संलग्न 'राते' पक्राउ



**काठमाडौं/मस**– विगत लामो समयदेखि गुण्डागर्दी र आपराधिक क्रियाकलापमा संलग्न राते भन्ने सुजन श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ । महानगरीय अपराध नियन्त्रण महाशाखाको टोलीले उनलाई गएराति काठमाडौंको नयाँबजारबाट पक्राउ गरेको छ ।

महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक सहकुलबहादुर थापाका अनुसार उनी यसअघि प्रहरीको इन्काउन्टरमा मारिएका दिनेश अधिकारी 'चरी' समूहमा बसेर गुण्डागर्दीमा सक्रिय थिए ।

पछिल्लो समयमा भने गत वर्ष चैत १८ गतेको एक आपराधिक गतिविधिमा संलग्न रहेको आरोपमा उनलाई पक्राउ गरिएको हो । त्यो बेला श्रेष्ठ र सहयोगी रेम्बो भन्ने अजय गुरुङले काठमाडौं महानगरपालिका-२६ आइओडी क्लब अगाडि स्थानीय विष्णु कठायतलाई पछाडिबाट रडले प्रहार गरेर फरार भएको प्रहरीले जनाएको छ । गुरुङ भने यसअघि नै पक्राउ परिसकेका छन् ।

पीडितको उजुरीका आधारमा खोजी गर्ने क्रममा उनलाई राति पक्राउ गरी थप कारवाहीका लागि शुक्रबार महानगरीय प्रहरी वृत्त लैनचौर बुझाइएको थापाले जानकारी दिए ।

# कांग्रेसको कलह अन्त्यको जरुरी : नेतृ कोइराला

**रुपन्देही/मस**– नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुजाता कोइरालाले आन्तरिक कलह समाप्त नभए पार्टी हराएर जाने बताएकी छन् । प्रेस युनियन रुपन्देहीले शुक्रबार बुटवलमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले पार्टी बलियो बनाउने गरी भूमिका निर्वाह गर्न सभापति शेरबहादुर देउवालाई आग्रह गरिन् ।

केन्द्रीय सदस्य कोइरालाले पार्टी सभापति शेरबहादुर देउवा पुनः सभापति बन्नकै लागि पार्टी समाप्त पार्न लागेको आरोपसमेत लगाइन् ।

'पार्टी सबैभन्दा प्रमुख विषय हो, व्यक्ति ठूलो होइन, पार्टीको विवाद नमिले आउने चुनावमा कांग्रेस शून्यमा झर्छ,' उनले भनिन्, 'पार्टीभित्र यस्तै किचलो रहिरहे आफू यो पार्टीमा भोट हाल्नलाई हात काँप्नेछ ।' कांग्रेस महाधिवेशनमा सबैको साझा उम्मेदवार बन्नुपर्ने र पार्टीलाई बलियो बनाउनेलाई जिताउनुपर्ने उनको भनाइ छ ।

# धनुषा विस्फोट : थप एक जना पक्राउ



**धनुषा/मस**– धनुषाको क्षिरेश्वरनाथ नगरपालिकाको महेन्द्रनगरमा बम विस्फोटको करिब ३ सातापछि घटनाको मुख्य योजनाकारको आरोपमा नेत्र विक्रम चन्द 'विप्लव' समूहका एक जना पक्राउ परेका छन् । घटनापछि मुख्य योजनाकार मानिएका विप्लव समूहका आदम राइनलाई प्रहरीले पक्राउ गरेको हो । उनलाई प्रहरीले सर्वाधिक खोजीको सूचीमा राखेको थियो ।

अभियुक्त राइन चन्द समूहका केन्द्रीय सदस्यसमेत रहेको प्रहरीले जानकारी दिएको छ । राइनलाई पक्राउ गरी थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय धनुषामा राखिएको छ ।

गत मंसिर २७ गते राति टाइम बम प्रयोग गरी घटना घटाउने मुख्य योजनाकारसहित ९ जनाको पहिचान भइसकेको प्रहरीले जनाएको छ । क्षिरेश्वरनाथ नगरपालिका स्थित सखुवा महेन्द्रनगर बजारमा रहेको एक घरको मूलढोकामा भएको टाइम बम विस्फोटमा परी प्रहरी निरीक्षक अमिरकुमार दाहालसहित ३ जनाको मृत्यु भएको थियो ।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले यसअघि तीन जनालाई पक्राउ गरेको थियो । पक्राउ पर्नेमा चन्द समूहका प्रदेश नम्बर २ संयोजक सीतादेवी महरा, केन्द्रीय सदस्य ललिता महरा र रामसोभित गाहा रहेका थिए ।

# सिद्धबाबालाई छोड्नुको कैफियत प्रतिवेदन माग




**काठमाडौं/मस**–उच्च अदालत विराटनगरले सिद्धबाबा भनिने कृष्णबहादुर गिरीलाई जिल्ला अदालतले धरौटीमा छोड्न गरेको आदेशको कैफियत प्रतिवेदन मागेको छ ।

विराटनगर उच्च अदालतका मुख्य न्यायाधीश तिलप्रसाद श्रेष्ठको इजलासले गिरीलाई धरौटीमा छोड्न जिल्ला अदालतले गरेको आदेशसहितको कैफियत प्रतिवेदन मागेको हो ।

रजिष्ट्रार जितेन्द्र थपलियाका अनुसार कैफियत प्रतिवेदन भनेको मुद्दा र त्यसमा भएका कारबाहीको संक्षिप्त विवरण हो । जिल्ला अदालत सुनसरीका न्यायाधीश राधाकृष्ण उप्रेतीले बलात्कार मुद्दा खेपिरहेका गिरीलाई ३ लाख धरौटीमा छोडेका थिए ।

पर्याप्त प्रमाण देखिँदा देखिँदै जिल्ला अदालतले धरौटीमा छाड्ने आदेश नमिलेको भन्दै सरकारी वकिल विराटनगर उच्च अदालत गएको थियो ।

सरकारी वकिलको निवेदनमा ३ लाख धरौटीमा छोड्ने उक्त आदेश बदर गरी गिरीलाई थुनामा पठाउन माग गरिएको छ । उच्च अदालत विराटनगरले १५ दिनभित्र कैफियत प्रतिवेदन मागेर मुद्दाको पेशी तोक्न आदेश दिएको छ ।

सुनसरी जिल्ला सरकारी वकिल कार्यालयले आफ्नै अनुयायीलाई बलात्कार गरेको अभियोग लगाउँदै गिरिविरूद्ध हप्तादिन अघि जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो ।

बिरामी भएको भन्दै विराट नर्सिङ होममा बसिरहेका गिरीलाई जाहेरी परेपछि मंसिर १६ गते अस्पतालको आइसियूबाटै पक्राउ गरेको थियो ।

# एसपी मल्लले रवाना बुझे



**चितवन/मस**-जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी उपरीक्षक (एसपी) दानबहादुर मल्लले रवाना बुझेका छन् । उनले शुक्रबारमात्रै दरबन्दीका लागि रवाना बुझेर चितवनबाट काठमाडौं हिँडेका छन् । उनलाई शुक्रबार नै जिल्ला प्रहरी कार्यालय तथा चितवनका विभिन्न संघ-संस्थाले बिदाइसमेत गरेका छन् । उनले शुक्रबार डीएसपी एकनारायण कोइरालालाई बरबुझारथ गरेका छन् । जिल्ला प्रहरी प्रवक्तासमेत रहेका कोइरालाले मल्ललाई कार्यालयबाट बिदाइ गरिएको जानकारी दिए ।

# दुई किलो सुनसहित भारतीय पक्राउ



**काठमाडौं/मस**– त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दुई किलो सुनसहित दुई जना भारतीय पक्राउ परेका छन् । पक्राउ पर्नेमा नविन गोपीचन्द र भरत सुरेशलाल रहेका छन् । महानगरीय अपराध महाशाखा, विमानस्थल प्रहरी र भन्सार कार्यालयको संयुक्त टोलीले उनीहरुको साथबाट सुन बरामद गरेको हो ।

यूएईबाट आएका उनीहरुको साथबाट एक/एक किलो सुन बरामद भएको प्रहरीले जनाएको छ । उनीहरुले मलद्वारमा लुकाएर ल्याएको अवस्थामा सुन भेटिएको हो । लुकाएको सुन पत्ता लगाउन उनीहरुलाई सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा लगेर एक्सरे गरिएको थियो ।

विमानस्थलका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) राम कृपाल साहले भने, 'यूएईबाट आएका उनीहरुले तरल बनाएर मेटल डिटेक्टरले पनि काम नगर्ने गरी सुन ल्याएको रहेछ । लुकाएर ल्याएको सुन पत्ता लगाउन केएमसी अस्पतालमा लगेर परीक्षण नै गर्नुपरेको थियो ।'

भरत सुरेनलाल भारतस्थित पुनेका हुन् भने नविन मुम्बईका हुन् । भरतको यू१७९७०८४ पासपोर्ट नम्बर हो भने यू१६२२९५८ पासपोर्ट नम्बर नविन गोपिचनको हो । ५ दिनमा विमानस्थलबाट सो सहित साढे ४ किलो सुन बरामद भएको प्रहरीले जनाएको छ ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।
Get your skill for your future carrier



HK
Cleaners/House Keeping/ Laundry man, Room boy
KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाई सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं ।
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

आधुनिक कथा

# अभागी आमा

म बिनाकासुर गाली खाने डरले बिस्तारै "म हुँ आमा तपाईंलाई भक्का दिन आएको" भन्छु । मेरो आवाजले उनको तन्द्रा टुटेछ क्यार उनीले ढोकाबाट धमिला आँखाले मतिर चिहाएर हेरिन् । आज किन हो कुन्नि सधैं बिनाकसुर अरुमाथि खनिने बुढीआमाको अनुहार मलिन देखिन्थ्यो ।



राजेश अधिकारी

ए' नकच्चरो ! हेर्दा त तँ लाउनेखाने नै देखिन्छस त । तैंले मलाई भिखारी सम्झिस कि क्या हो ? सक्छस् भने सय रूपैयाँको एउटा हरियो गैंडा दे न मलाई किन यति जाबो दश रूपैयाँमा टार्छस ? थुक्क कञ्जुस मोरा तँलाई हैजाले लान नसकेको ! तेरो हातमा स्याउँस्याउँ किरा परिजाओस ।'

मैले श्रद्धावश दिएको दस रूपियाँको नोट मेरै मुखमा फालेर देब्रे हातले लोपार्दै एउटी माग्ने जस्ती देखिने बुढी आमा मुखमा आएजति फलाकेर भुतभुताउन थालिन् । म नवआगन्तुक बटुवा किङ्कर्तव्यमुढ हुँदै रातो मुख लगाएर त्यहाँबाट हिंडे । एउटा सानो घुम्तीपसललाई आफ्नो घर बनाएर बसेकी ती असहाय जस्ती देखिने बुढीआमालाई दया लागेर यथासक्य सहयोग गर्दा लज्जित हुनुपरेको पीडाले मलाई रातभर खटपटी भयो । म कुनै काम विशेषले दुईचार दिन बिराटनगरमा आफन्तकहाँ बसेको थिएँ । म बसेको टोल नजिकै एउटा चौबाटोमा ती आमा नाङ्ले पसल चलाउन मिल्ने साँघुरो काठे घुम्तीघरमा एक्लै बस्थिन् ।

मलाई ती बुढीआमाबारे केही जान्ने कौतुहलता जाग्यो । भोलिपल्ट बिहान म नजिकैको चोकबाट त्यही बाटो भएर आफन्तकोमा फर्कदै थिएँ, ती आमा बसेको घुम्ती नजिकै एउटी मधेशी मुलकी आइमाई भक्का बनाउँदै बेच्दै रहिछ । मैले पनि चामलको पिठोले बनेको दुईवटा भक्का बडो मिठो मानी मानी खाएँ र दुईवटा भक्का बोकेर ती आमा बस्ने घुम्ती नजिकै पुगैं । फेरि पनि बुढीआमाले सराप्लिन भनेर मैले तिनी बसेको घुम्तीभित्र डराई डराई चिहाएँ । उनी एउटा सानो ठाउँमा च्यातिएको गुन्द्रीमाथि मैलो धुस्नो सिरक ओढेर सुतिरहेकिरहिछिन् ।

छेवैमा एउटा भुसेचुलीमाथि काला कटकटिएका भाँडाकुँडा राखिएका थिए । उठ्दा टाउको ठोकिने र घुम्दा ढाड ठोकिने त्यो अँध्यारो र साँघुरो घुम्ती नै तिनीको सम्पूर्ण संसार थियो । एकछिन त घुम्ती भित्रबाट आएको पिसाब र ढुसीको गन्धले मेरो मथिङ्गल नै रन्थनायो । 'आमा ! ए आमा !' भन्दै मैले डर मिश्रित आवाजले उनीलाई बोलाएँ । गनाउने मैलो झुत्रो कपडाले कुप्री परेको शरीर ढाकेर शिरमा लट्टे केश फिँजाई सिँगानले कटकटिएको चाउरी परेको अनुहारबाट उनका कचेरे जोडी आँखाहरूले मतिर एकटक हेरिरहे ।

'ए नकच्चरो ! तँ लफुङ्गो बिहान बिहानै यहाँ मसँग इत्रिन आको ?' छेवैमा राखिएको एउटा जुठो कचौराले मेरो टाउकोतिर ताक्दै उनी फेरि फत्फताउन थालिन् ।

म पनि अक्क न बक्क भएर अघि उनको लागि किनिदिएको भक्का उनैतिर फालिदिन्दै त्यहाँबाट कुलेलम ठोकें । मैले उनको मप्रतिको व्यवहार र बिनाकसुर गालीलाई सजिलै पचाउन सकिन् । रातभर उनीप्रतिको जिज्ञासाले मेरो निद्रा नै कच्पटियो । यो बुढेसकालमा असहाय भएर उनी किन एक्लै बस्छिन् ? उनी किन प्रेम दर्साउने र सहानुभूति राख्ने मानिसहरूप्रति बिनाकाम खनिन्छिन् ? आदि जस्ता प्रश्नहरूले मेरो दिमाग नै खायो । मलाई उनको बारेमा केही जान्ने उत्सुकताले अँझ बढी पिरोल्न थाल्यो । मैले म बास बसेको घरका मेरा आफन्तलाई उनको बारेमा जानकारी लिने निर्णय गरें ।

एक साँझ मैले उनको बारेमा मेरा बासदाता आफन्तलाई केही जानकारी दिन अनुरोध गरें । मेरो प्रश्न सुन्ने बित्तिकै सबैजना गललल हाँसे । सायद ती आमाले मलाई गालीगलौज र सत्तोसराप गरेको उनीहरूले थाहा पाएछन् भन्ने ठानेर म लाजले रातोपिरो भएँ ।

'बाबुलाई त ती बौलाई बुढीको सारै माया लाग्यो कि के हो ? लगेर पाल्नू नि !' भन्दै घरमुली आमै मतिर फर्केर अट्टहास गर्न थालिन् ।

'दाइले त ती बुढीको छोरी भए त सासू बनाउनु हुन्थ्यो होला नि ?' यसो भन्दै घरमुलीकी छोरीले मतिर ब्यङ्गात्मक हाँसो प्रहार गरिन् ।

मेरो बुढीआमाबारेको जिज्ञासामा मेरो बासघरको पल्लाघरे छिमेकी दिदीले पनि 'त्यो छाडा गलगाँडे फोहोरी बुढीको कुरा नगर्नुहोस् बाबु । बाटो हिंड्ने जो कोहीलाई पनि त्यो असती र अलच्छिनी बुढीले निहुँबिना नै निशुल्क सरापेर हैरान पार्छे,' भन्दै ओठ लेपारिन् ।

मेरो अनुत्तरित जिज्ञासा र ती बुढीप्रतिको तिनीहरूको धारणाको हाँस्य माहौलमा पिल्सिएर म अक्क न बक्क भएँ । म सारमा सार मिलाउँदै र सङ्कोचमिश्रित नाटकीय मुस्कान छर्दै आफ्नो सयनकक्षतीर लम्किएँ । मध्यरात्रिसम्म अनजान जिज्ञासाको भारमा थिचिएर रातको अन्तिम प्रहरमा निद्रादेवीको काखमा भुसुक्कै लुट्पुटिएँछु ।

बिराटनगरको पाहुना हुञ्जेल म पनि तातो भक्काको स्वादमा रमाउन थालें । एकदिन साँझपख आफन्तकहाँ फर्किदा म त्यही भक्का बनाउने ठाउँको बाटो हुँदै फर्कदै थिएँ, मानिसहरू भक्कावाल्नीको चौबाटे पसलमा भक्का खान तँछाड मछाड गर्दै थिए । मैले पनि मन थाम्न सकिन र दुईवटा भक्का किनेर खाएँ र अरू दुईवटा भक्का कागजमा बेरेर बोकें ।मेरा गह्रौं पाइलाहरू तिनै बुढीआमाको घुम्तीघरको बाटो अगाडि बढ्दै थिए । म उनी बस्ने घुम्ती नजिक पुग्छु र मेरा जिज्ञासु आँखाहरूले घुम्तीका खुल्ला ढोकाबाट भित्रतिर चिहाउँछन् । भित्र टुकीको मधुरो रोशनीमा बुढीआमाको अस्पष्ट आकृति देखा पर्छ । 'आमा ! ए आमा !' म डराई डराई मधुरो आवाजले उनीलाई बोलाउँछु । कुप्रिएको ढाडले जुरूक्कै उठ्न असजिलो मान्दै ती बुढीआमाले 'को हो हँ ?' भन्दै हात कमाउँदै घुम्तीको ढोका अलिकति उघार्छिन् ।

म बिनाकासुर गाली खाने डरले बिस्तारै 'म हुँ आमा तपाईंलाई भक्का दिन आएको' भन्छु । मेरो आवाजले उनको तन्द्रा टुटेछ क्यार उनीले ढोकाबाट धमिला आँखाले मतिर चिहाएर हेरिन् । आज किन हो कुन्नि सधैं बिनाकसुर अरूमाथि खनिने बुढीआमाको अनुहार मलिन देखिन्थ्यो । उनको असहाय अनुहारमा बिरक्ती र असक्तताको झल्को प्रष्टै देखिन्थ्यो । उनीले मतिर थरथर कामेका हातहरू बढाइन् अनि मैले उनको हातमा भक्काको पोको राखिदिएँ । उनका आँखाहरू आँसुले टल्पलाइरहेका थिए अनि भक्कानिएर गलामा अट्किएको आवाज बाहिर आउन सकिरहेको थिएन । त्यो आकस्मिक परिस्थितिमा म किङ्कर्त्व्यमुढ बनें र भारी पदचाप सहित त्यहाँबाट फटाफट निस्कें ।

आफ्नो बिराटनगरको काम सकिएकाले म भोलि नै काठमाण्डू फिर्दै थिएँ । ती बुढीआमा रातभर मेरो मनस्पटलमा नाच्न थालिन् । म बिस्तरामा पल्टिएर सोच्न थाल्छु । बहुरूपी नारी जाती पूज्य र आदरणीय हुन्छ । एउटी नारी कसैकी आमा,कसैकी छोरीचेली अनि कसैकी आफन्त हुन्छिन् । तर किन उनी गाउँलेहरूबाट हाँसोको पात्र हुन्छिन् ? उनी किन छिमेकीहरूबाट यति बिघ्न उपेक्षित हुन्छिन् ? यस्तो आदरणीय बुढ्यौली उमेरमा पनि किन उनी असहाय छिन ? जस्ता मेरा लागि अनुत्तरित र अथाह प्रश्नहरूले मेरो निद्रा तालिका नै तहस नहस भयो । रातभर मेरो दिमाग सोचहरूको कुस्तीले थकित भएर म रातको अन्तिम प्रहरमा मात्रै भुसुक्कै निदाएँछु । भोलिपल्ट म काठमाडौतिर लागें ।

समय आफ्नो वेगमा दौडदै गयो । म एक वर्षपछि फेरि काम विशेषले उनीको लागि एउटा खास्टो उपहार बोकेर बिराटनगर आएँ । मनको कुनामा लुकेको ती आमाको लुप्त मायाले मेरा पाइलाहरू भक्कापसलको बाटो हुँदै तिनकै घुम्तीघर नजिक गएर टक्क रोकिए । घुम्ती सुनसान थियो । मेरो मुटु अञ्जान भयले धक् धक् धड्किन थाल्यो । शंका आशंकाका कालो बादलहरू मेरो टाउको वरिपरि मढारिन थाले ।

'आखिर उनी कहाँ गइन् त ?' मैले घुम्ती नजिकै रहेको एउटा घरकी बुढी हजुरआमासँग उनीको बारेमा सोधें ।

'बाबु ! ती बुढी तपाईकी नातेदार हुन् ? मरेपछि भेट्न आउनु भाको ? उनी त छ महिना अघि नै मरिसकिन् त । बिचरी विधवा बुढीले यही घुम्तीमा तरकारी पसल थापेर र अर्काको घरमा जुठो भाँडा माझेर दुईवटै छोरालाई पढाएर बिदेश पठाइन् । बिदेशिएका छोराहरूले न कहिले आमालाई सम्झे न फर्किएर नै आए । मनमा अति नै पीडा भएपछि बुढीको दिमाग खुस्कियो र असहाय नै भएर मरिन । उनको एउटा छोरा अष्ट्रेलियामा पि. आर पाएर उतै बस्छ रे । अर्को छोरो अमेरिकामा डी भी परेर उतै सपरिवार बस्छ रे । बिचरी बुढी त्यही घुम्तीमा मरिछन् । मरेको तीन दिनपछि लासबाट दुर्गन्ध आएको थाहा पाएर गाउँलेहरूले त्यही परको खोलामा लगेर उनीको लाशलाई जलाए । बिचरीको काजकृया गर्ने पनि कोही भएनन् । धिक्कार छ उनीका ती पापी छोराहरूलाई ।'

ती हजुरआमाको कुरा सुनेर र उनीबारेको जिज्ञासाको उत्तर पाएपछि मेरा आँखाबाट आसुँ बग्न थाले । म उनकै लागि ल्याइदिएको त्यही खास्टोले श्रद्धाञ्जलीको आसुँ पुछ्दै त्यही घुम्तीघरको बाटो हुँदै गन्तव्यतिर लागें ।

कविता

# कालो बादल



भीमनारायण श्रेष्ठ

प्रभातकालीन नियमित घुमफिर
चिसो सुनसान वातावरण चिर्दै

आफ्नै तालमा
अघि बढिरहेको पाईला

अचानक रोकिन पुगे
घाम झुल्किन लागेको थियो

अनायास
कालो बादल मडारिन थाले

मौसम विपरित हावा चल्न थाले
बेमौसमको भूमरिमा

रन्भुल्ल परें
नील गगनको मध्य भागमा

मडारिएको भूमरि
कुनाकाप्चामा समेत हानिन थाले

असंख्य डाँडाकाडाँ र पहाडमा ठोकी
सहर बजारतिर हानिन थाले

यस्तैमा एकहूल आवाज
धर्म संस्कृति र

गुठी संस्कार
हाम्रो मौलिक पहिचान

देशको गहना बोकी
सांस्कृतिक धरोहरको

धरातलमा उभिए
माईतिघर मण्डला

मडारिएका ति कालो बादल
चिर्न खोज्दै

शंखघोष गर्न
प्लेकार्ड उठाउँदै

पंक्तिबद्ध शान्त सौम्य
उभिएका थिए

युवा महिला र बृद्धबृद्धा
यस्तैमा

मडारिएको त्यो कालो
बादल भित्रबाट

लठ्ठी बन्दुक र अश्रुग्याँस सहित
उपस्थित भए

महाभारतका कौरव
चक्रब्यूह रची

अनायास
चक्रव्यूह भित्रको अभिमन्यु सरी

अवला ति महिला बृद्धबृद्धा माथि
लठ्ठी र बूट निर्मम बर्साए

अश्रुग्याँस खसाले
कतिलाई पानीको फोहराले हुत्याए

तितरवितर भएका
ति सुमधुर आवाज

क्रोधको ज्वाला मुठ्ठीमा कसी
वाध्यता र विवश भई फर्के

अनि,
क्रोधको ज्वाला भित्रभित्रै सल्किए
निम्न लागेको धर्म संस्कृति

गुठी संस्कार र परम्परा
सांस्कृतिक धरोहर जीवन्त राख्न

गाउँ शहर बजार
अनि कुना काप्चाबाट समेत

शक्तिको राँको बालेर
मानव भेल ओर्लिए

माईतिघर मण्डला
सडक पेटी सब ढाके

मानौं
आज ठूलै जात्रा पर्व हो
सांस्कृतिक बाजागाजा समेत

नाचगान गर्दै
आधाकारी रोबोटका हातमा

फूल र पानी ठम्याउँदै
आदर सत्कार गरे

मायाका भोका ति रोबोट आज
नतमस्तक उभिरहे

चारैतिरबाट सल्बलाएको
सांस्कृतिक ज्वारभाटाबाट उठेको

एक झट्का हावाहुरीले
मडाएिको त्यो कालो बादल

बिस्तारै बिलायो
अनि,
निलो आकाश खुले
अमृतसरी हावा चले

सुनौलो घामको किरण
विस्तारै चारैतिर छाए'

सामाजिक कथा

# मगन्ते म



भुवन त्रिपाठी

यो हप्ता विशेष खुसी भएको देखेर हो कि बिहीबारको दिन बिदा परेकाले हो, गृहलक्ष्मीजीले आज बंलामुखीदेवीको दर्शन गर्न जाने प्रस्ताव राखिन ।

काठमाडौंको बसाइँ भनेपछि सधैं सधैंको हतार त हुने नै भयो । काठमाडौं खाल्डामा पढ्न होइन पढाउन कलेज धाउन थालेको पनि केही वर्ष भएको थियो । कोठाबाट कार्यक्षेत्रमा निस्कने गल्लीको केही पर गणेश मन्दिर थियो । प्रायस् जसो दिन एउटा मगन्ते मन्दिरको छेउमा थोत्रो कपडा फिजाएर माग्न बस्थ्यो । ऊ पागल हो कि सद्धे हो कहिल्यै बुझ्ने फुर्सद भएन ।

त्यस टोलमा म बस्न थालेको पनि चार वर्ष भइसकेको थियो । उसले पहिलो दिनदेखि नै प्रत्येक दिन स्वागत र बिदाइ गरेकै थियो । भौतिक रूपमा अपाङ्ग नभए पनि मानसिक रूपमा त अपाङ्ग हुनैपर्छ किनकि वृद्ध अवस्था नहुँदै काम नगरेर मन्दिरको सहारा लिएर मागेर जीवन चलाउँदै थियो ।

कर्ममा विश्वास गर्ने स्वभाव भएर सुरूका दिनमा हाँसेर शिष्टचार देखाउँदै हात फैलाए पनि केही दिन चाहिँन तर सधैं एउटै ठाउँमा देखेर होला परिचित जस्तो हुनथालिसकेको थियो । साथै पैसा नदिँदा पनि पुनः अर्को दिन पनि हाँसेर त्यहीँ नियमित कर्म गरेको देखेपछि तलब बुझ्दाको दिन एव म त्यस्तै खुसी हुँदाका दिनमा दुईचार रूपैयाँ दिन बाध्य भएको थिएँ । यो कार्यले चार वर्षको निरन्तरता पाएको भए पनि औपचारिक रूपमा त्यो मगन्तेसँग बोल्ने र केही कुरा सोध्ने समय मिलेन एवम बोल्न चाहिनँ ।

सधैंझैं आज पनि ऊ आफ्नो ड्युटीमा थियो म पनि आफ्नो ड्युटीमा जाने हतारमा थिए । अरूदिनभन्दा बढी दुई हात जोरेरै शिष्टाचार व्यक्त गर्दै थियो तर कलेज जान ढिलो भएकाले कुनै वास्ता नगरीकन बाटो लागैँ । पछिल्लो समय कामको चाप केही कम भएको थियो किनकि दुईचार वर्ष पढाएको कलेजबाट प्राप्त हुनुपर्ने रकमको बक्यौता ठूलै भइसकेको हुनाले अब पनि निरन्तरता दियो भने तातो दूध निल्नु कि उकेल्नुहुन्छ भनेर बाँकी तलब दिए देलान नभए कुनै जुनीमा ऋण खाइएको थियो, ऋण चुक्ता भयो भनेर छोडौला भन्ने निष्कर्षमा पुगेर छाडेको थिएँ । दुईचार महिनाको रस्साकसीपछि रकम प्राप्त गर्न सफल भएको थिएँ । मन खुसी हुँदै फर्किएको थिए किनकि नआउला भनेको रकम प्राप्त भयो ।

सधैंको मगन्तनारानले मेरो खुसी थाहा पाए जस्तो गरेर खुसी हुँदै हात फैलायो । उसको प्रस्तुति सधैंको एउटै होला तर मलाई त्यस दिनको बिदाइ र स्वागत विशेष जस्तो लागेको थियो । विचाराप्रति सहानुभूति लाग्यो जीवनभर पेटभरि खान पाएको छैन होला ? दुईचार हजार पाए त सानोतिनो नाङ्लोमा राखेर गरिने पसल थापेर बस्ला र केही सहज तरिकाले जीवन चलाउला जस्तो लाग्यो ।

म उसको अगाडि केहीबेर उभिएँ उसले थापिरहेको थोत्रो लुगा र अनुहारमा पीडा र अभाव देखैं । उसले थपेको झुत्रो टालोमा केही पैसा जम्मा भइसकेका थिए । कार चढ्नेहरूले खानेभए भनेर माया मारेको पैसा आफ्नो गोजीमा छदैथियो त्यसैले मगन्तेको दुस्खमा पनि केही सहयोग गर्ने रहर जाग्यो र गोजीवाट हजारका तीनवटा नोटहरू झिकेर मगन्तेको हातमा थमाइदिएँ । मगन्ते पनि आश्चर्य चकित पर्यो । अरू दिन एकदुई रूपैयाँ दिन कन्जुस्याइँ गर्ने मानिसले कसरी दियो भनेर होला ? वरिपरिका मानिसहरू पनि गहिरिएर हेर्दै थिए ।

मगन्तेलाई तीन हजार दिने पक्कै पनि यो पागल हो भन्ठान्दै होलान् ? तीन हजार दिँदा सुरूमा त मगन्तेले विश्वास नमानेर लिउँ कि नलिउँ भन्ने दोधारमा देखिन्थ्यो । जब मैले यो पैसा राख, माग्ने काम छाडेर सानोतिनो नाङ्ले पसल थाप भनेपछि हजुरको जय होस् भन्दै खुसी भएर पैसा राखेको थियो ।

मानिस त्यसमा पनि म जस्तो मानिसलाई खुसी हुन एव म आत्मसन्तुष्ट हुन ठूलो कुरा नै चाहिँदैन । आज खुसी हुने दुईवटा कुरा पाएको थिएँ । भोलिपल्ट कलेज जान निस्कदाँ सधैं झैं गणेश मन्दिरको छेउमा हात फैलाएर स्वागत र बिदाइ गर्ने मानिस थिएन । सधैं देखिरहेको मानिस नदेख्दा सुरूसुरूमा त के छुट्यो के छुट्यो हुँदो रहेछ । एउटा मगन्तेको जीवन सुधारेकोमा भने भित्रभित्र गौरवान्वित महसुस गरेको थिएँ ।

यो हप्ता विशेष खुसी भएको देखेर हो कि बिहीबारको दिन बिदा परेकाले हो, गृहलक्ष्मीजीले आज बङ्गलामुखीदेवीको दर्शन गर्न जाने प्रस्ताव राखिन । उनको खुसीको लागि केही कुरा त स्वीकार गर्नैपर्छ नत्र झगडाको निहुँ बन्छ ।

मन्दिरको समीप पुग्दा टाढैबाट देखैं मेरो परिचित मगन्तनारान मन्दिरको अर्को छेउमा गणेश मन्दिरकै शैलीमा माग्दै रहेछ । टाढैबाट प्रष्ट देखैं । उसले पनि मलाई सिधै देख्यो तर मन्दिरको छाया परेर लुक्न खोज्दै थियो । म सरासर ऊ भएको ठाउँमा पुगैं । उसले संकोच मान्दै शिष्टाचार व्यक्त गर्यो । मेरो सहयोगको अवमूल्यन भएको महसुस गरेर म भित्रभित्र रिसले आगो भएको थिए तर केही क्षण केही बोलिनँ । उसले पनि मलाई नै हेरिरहेको थियो । आज त उसलाई केही पाठ सिकाएर जाने विचार गरेर भनैं 'ए भाइ मैले दिएको पैसा के गर्यौ र ? फेरि माग्न थालेछौ ? नाङ्ले पसल खोलेर आत्मनिर्भर बन भनेको होइन ?'

'हो हजुर म त आत्मनिर्भर नै छु नि मेरो लागि अरू कसले माग्देको छ र ? मैले नै मागेको त छु?'

मलाई पारा तातेर आयो । त्यो मगन्तेलाई अटेर विद्यार्थीलाईझैं एक थप्पड पिट्न मन थियो तर पिट्ने आधार थिएन के गर्ने ? अनि भाइ मैले दिएको त्यत्रो रकम के गर्यौ त ? ऊ मुसुक्क मुस्कानका साथ भन्दै थियो त्यो पैसाको के कुरा गर्नुहुन्छ हजुर ? त्यसरी त मैले यो माग्ने पेसाबाट दैनिक १४-१५ सय त नियमित कमाइ गरिराछु नि सबै रकम बचत हुने हो भने त मेरो पनि महिनाको ४०-५० हजार बचत हुन्थ्यो नि ? के गर्नु हजुरलाई नि थाहा छँदैछ नि ! यो पापी पेट त पाल्नै पर्यो नि ! दिउँसो दुस्ख गरे पनि बेलुकी त मस्ती गर्नै पर्यो नि? होइन र हजुर ? अब म बोल्ने अवस्थामा थिइनँ । मेरो सुटटाईं र मेरो ज्ञानले ३०-३५ हजार कमाउन सकेको थिएन तर उसले झुत्रो टालो थापेको आधारमा मलाई चुनौती दिइरहेको थियो । खासमा त मगन्तेको हैसियतमा म पो रहेछु त्यस दिन बोध भएको थियो ।

आज मध्यरातसम्म निदाउन सकिरहेको छैन किनकि मलाई ठूलै कुराको ज्ञात भएको थियो । मेरो देशलाई गरिब देखाएर राज्य सञ्चालन गर्नेहरूले विदेशी दातृनिकायसँग किन हात फैलाइरहेका छन् भनेर ......बुझ्दैछु । मन्दिर फेर्ने मगन्ते र डोनर फेर्ने सुकिला मगन्तेको भीडमा म कहाँ छु खोज्दैछु । प्रत्येक निद्राको प्रहरमा घरिघरि त्यो मगन्ते अनि घरिघरि देश सञ्चालन गर्ने मगन्तेले मलाई प्रहार गरिरहेको भान भइरहन्छ ।...... मलाई प्रहार गरिरहेको भान भइरहन्छ ।

## बगदादमा अमेरिकी आक्रमण

# इरानी कमाण्डर मारिए



**वासिङ्टन/एजेन्सी–** अमेरिकाको विशेष सुरक्षा फौजको आक्रमणमा परी इरानका एक जना वरिष्ठ कमाण्डर मारिएको बताइएको छ । अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले इरानको एक विशेष दस्ता कुद्स फोर्स अफ इरान्स रिभोलुसन गार्डका वरिष्ठ कमाण्डर क्वासिम सोलेमानी मारिएको जनाएको छ ।

अमेरिकी सेनाको कारवाहीका क्रममा ती कमाण्डर मारिएको अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले बिहीबार राति पुष्टी गरेको हो । ‘अमेरिकी नागरिकको रक्षाका लागि अमेरिकी राष्ट्रपतिको निर्देशनमा भएको सुरक्षा कारवाहीका क्रममा क्वासिमको मृत्यु भएको हो’, पेन्टानगनद्धारा जारी वक्तव्यमा उल्लेख गरिएको छ । बग्दाद अन्तर्राष्ट्रिय विमानस्थल नजिकै सोलेमानी मारिएको पेन्टागनले जानकारी दिएको छ । वक्तव्यमा इराकी अर्धसैन्य बल हसद शावीका उपप्रमुख अबु महदी अल मुहाम्दीस पनि मारिएको उक्त वक्तव्यमा उल्लेख गरिएको छ ।

वासिङ्टन र तेहरानबीच पछिल्ला केही महिनायता विवाद चर्किरहेको छ । यस समयमा अमेरिकी सेनाको कारबाहीमा परी इरानका कमाण्डर मारिएको यस घटनालाई अर्थपूर्ण रुपमा हेरिएको प्राप्त समाचारमा जनाइएको छ । इराकस्थित अमेरिकी दूतावासमा केहीदिन पहिले आक्रमण भएपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई ठूलो मुल्य चुकाउनु पर्ने चेतावनी दिएका थिए । इरानले पनि सोलेमानीलाई अमेरिकी सेनाले हेलिकोप्टरबाट आक्रमण गरेर मारेको जनाएको छ । देश बाहिर गोप्य गतिविधिहरू गर्नेगरी सन् १९९८ देखि इरानको क्विड नामक विशेष दस्ता स्थापना गरिएको थियो ।

यसैबीच इरानका सर्वोच्च नेता आयोतोल्लाह अली खमेनीले शुक्रबार बिहान अमेरिकी आक्रमणमा कमान्डर सोलेमानीको मृत्यु भएकोमा बदला लिने प्रतिकृया जनाएका छन् । ‘अपराधीलाई खरो बदलाले प्रतिक्षा गरिरहेका छ,’ सोलेमानी र अन्यको हत्या गर्नेतर्फ संकेत गर्दै उनले देशका नाममा दिएको सन्देशमा भनिएको छ । सर्वोच्च नेताले लडाइँ निरन्तर जारी रहने जनाउँदै सबै मित्र र शत्रुहरुलाई पनि थाहा छ प्रतिरोधको बाटो जारी छ र मुजाहिद्धिनका लागि विजयले पर्खिरहेको जनाएका छन् । उनले सोलेमानीकी पत्नी र केटाकेटी तथा इरानी जनताप्रति सहानुभूति प्रकट गरेका छन् । उनले तीन दिन राष्ट्रिय शोकको पनि घोषणा गरेका छन् । शुक्रबार बिहान बगदादस्थित अन्तर्राष्ट्रिय विमानस्थलमा अमेरिकाले आक्रमण गर्दा सोलेइमानीसहित केही कमाण्डरहरुको मृत्यु भएको थियो ।

त्यसैगरी इराकका प्रधानमन्त्री अदील अब्दुल महदीले अमेरिकाले गरेको सो आक्रमणको निन्दा गरेका छन् । उक्त कार्य गलत भएको उनले जनाएका छन् । बगदादस्थित अमेरिकी दूतावासले आफ्ना त्यहाँ रहेका नागरिकलाई तत्काल इराक छोड्न आग्रह गरेको छ । उता इराकमा भएको हमलाको चीनले पनि आलोचना गरेको छ । सो आक्रमण इराकको सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताविरुद्धमा रहेको जनाएको छ । उसले इराकको सार्वभौमसत्ताको सम्मान गर्नुपर्ने जनाएको छ । चीनले सबै पक्ष खासगरी अमेरिकालाई धैर्य राख्न र हिंसा फैलिन नदिन आग्रह गरेको छ । चीनको विदेश मन्त्रालयका प्रवक्ता गेङ शुआङले शुक्रबार इराकको अन्तर्राष्ट्रिय विमानस्थलमा गरिएको आक्रमणको बारेमा प्रतिक्रिया जनाएका हुन् । उता इरानका रक्षामन्त्री आमिर हतामीले पनि शुक्रबार अमेरिकाद्वारा गरिएको आक्रमणको बदला लिइने चेतावनी दिएका छन् ।

यो घटनाप्रति अमेरिकी सभामुख नान्सी पेलोसीले आपत्ति जनाएकी छन् । उनले एक वक्तव्य जारी गर्दै भनेकी छिन्, ‘अमेरिकी नेताको सबैभन्दा उच्च प्राथमिकता भनेको अमेरिकी नागरिक र अमेरिकी चासोको संरक्षण हो । तर, हामीले अमेरिकी सेवाका सदस्य, कूटनीतिज्ञ र अन्यको जीवन सक्रिय र असमानुपतिक हिसाबले थप जोखिममा पार्नु हुँदैन ।’ उनले शुक्रबारको हवाई आक्रमणले हिंसा अझ खतरनाक ढंगले बढ्ने अवस्था देखिएको बताउँदै कुनै कुरा प्राप्ति नहुने यस्ता विषयलाई लिएर फैलिने तनाव अमेरिका र विश्वले धान्न नसक्ने समेत जनाएकी छन् ।

उनले शुक्रबारको हवाई आक्रमणले इरानका उच्च स्तरीय सैनिक अधिकारीलाई लक्षित गरेको जनाउँदै इरानका फोर्स कमान्डर मार्न इरानविरुद्ध सैनिक बल प्रयोगको अनुमति ट्रम्प प्रशासनले नलिएको समेत जनाएकी छिन् । साथै यो कार्य कंग्रेससँग पनि कुनै परामर्श नगरी गरिएको उनले बताएकी छन् । पुरै कंग्रेसलाई तत्कालै यो गम्भीर अवस्थाबारे ब्रिफिङ गर्नुपर्ने बताउँदै उनले ट्रम्प प्रशासनको अबको कदमबारे पनि जानकारी गराइनुपर्ने जनाएकी छन् । त्यसैगरी फैलिन सक्ने हिंसा मध्यनजर गर्दै थप सेना सो क्षेत्रमा खटाउने तयारीबारे पनि जानकारी गराउनुपर्ने सभामुख पेलोसीले जनाएकी छन् ।

## क्लिन्टन बेलायती विश्वविद्यालयको चान्सलर



**लण्डन/एजेन्सी–** सन् २०१६ मा अमेरिकामा राष्ट्रपति पदको उम्मेदवार रहेकी हिलारी क्लिन्टन बेलायती विश्वविद्यालयको चान्सलरमा नियुक्त भएकी छिन् । बेलायतको ‘क्विन्स युनिभर्सिटी बेलफास्ट’ले बिहीबार उनलाई नयाँ चान्सलरमा नियुक्त गरिएको घोषणा गरेको हो । सो विश्वविद्यालयले सन् २०१८ को अक्टोबरमा क्लिनटनलाई मानार्थ विद्यावारिधिको उपाधि पनि दिएको थियो ।

क्लिन्टन सो विश्वविद्यालयकी ११ औँ चान्सलर भएकी हुन् भने उनी पहिलो महिला चान्सलर भएको विश्वविद्यालयका अधिकारीहरुले जनाएका छन् । संवैधानिक पद मानिने चान्सलरको रुपमा क्लिन्टनले मुख्य तीन ओटा भूमिका खेल्नुपर्ने विश्वविद्यालयले जनाएको छ । स्नातकोत्तर सभाको अध्यक्षता गर्ने, विश्वविद्यालयको दूतका रुप रहने र सल्लाहकारको भूमिका खेल्ने गरी मुख्य तीन भूमिका हुने अधिकारीहरुको भनाइ छ ।

चान्सलरले विश्वविद्यालयको उच्च तहको व्यवस्थापनलाई मार्गदर्शन तथा परामर्श दिने प्रचलन रहेको छ । अहिले नियुक्त भएको चान्सलरको जिम्मेवारी उनको यही जनवरीदेखि शुरु भएर आगामी पाँच बर्षसम्म रहने विश्वविद्यालयले जनाएको छ । क्लिनटन सन् २०१६ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विरुद्धमा चुनावी प्रतिश्पर्धामा थिए । त्यसअघि उनी अमेरिकी विदेशमन्त्री पनि भएकी थिइन् ।


## कतारमा रोजगार | कम्पनी : ARABIAN TECHNICIAL PETROLIUM SERVICES
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७६/०९/१८ | चलानी नं.: ६०१४९५२९ | L.T. No.: 230350

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 4 | 0 | स. काममा दक्ष | 900 | २८,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 2 | 0 | | 1100 | ३४,४१० | | | | | | | |

### अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २६ गते (11 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AMAN OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1262/074/075
Kalopul, Kathmandu, Nepal, Tel.: 01- 4412370, 4412377, 9802749215
Email.: info@amanoverseas.com.np, Web.: www.amanoverseas.com.np



## साउदीमा रोजगार | कम्पनी: MANAR AL ESKAN TRADING & CONTRACTING COMPANY
शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७६/०९/१८ | चलानी नं.: ६०१४९५४२ | L.T. No.: 230566

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder Labour | 70 | 0 | स. काममा दक्ष | 1200 | ३६,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

### अन्तर्वार्ता मेनपावर कार्यालय धोविघाट, ललितपुरमा पुस २५ गते (10 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ५१७/०६२/०६३
जि.पि.ओ.बक्सः २३९०१, धोवीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोनः ५५५५८२३, फ्याक्सः ५५४३७६९
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com



## कतारमा रोजगारको अवसर | कम्पनी: AL MISNAD SERVICES
शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७६/०९/१८ | चलानी नं.: ६०१४९५२७ | LT. No.: 230224

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaning Worker | 0 | 12 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Worker (Cleaning Sector) | 20 | 0 | | 900 | २८,१५० | | | | | | | |
| 3. | Labourer | 37 | 0 | | 900 | २८,१५० | | | | | | | |
| 4. | Driver | 10 | 0 | | 1900 | ५९,४३० | | | | | | | |

### अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २७ गते (12 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**DYNAMIC STAFFING SOLUTION NEPAL (P) LTD.** Gov. Lic. No.: 896/067/068
**डाईनामिक स्टाफिङ्ग शोलुशन नेपाल प्रा. लि.**
P.O Box: 24723, बासबारी काठमाडौं, नेपाल, फोनः ४०१७०९१, ४०१७००८
Email: dssnepaldynamic@gmail.com, Website: www.dssnepal.com.np



## साउदीमा रोजगार | १. कम्पनी: MATEAM NAKHAT DIRATUNA LITAQDIM ALWAJABAT.
शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७६/०९/१८ | चलानी नं.: ६०१४९५४० | L.T. No.: 230323

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workers | 3 | 0 | स. काममा दक्ष | 1000 | ३०,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: MATEAM NAKHAT DIRATUNA LITAQDIM ALWAJABAT. शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७६/०९/१८ | चलानी नं.: ६०१४९५३९ | L.T. No.: 230322

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker (General) | 4 | 0 | स. काममा दक्ष | 1000 | ३०,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

### अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २७ गते (12 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Rightway Enterprises Pvt. Ltd.**
Govt.Lic.No.: 517/061/062
Subidhanagar, Tinkune Kathmandu, Nepal
Tel : 5199413
Mob.: 9808079942



## मलेसियामा रोजगार | कम्पनी : PEACE SECURITY SERVICES(M) SDN BHD
शहरः SELANGOR

पूर्व स्वीकृत मितिः २०७६/०९/१८ | चलानी नं.: ६०१४९४९२ | LT. No.: 230404

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 40 | 0 | स. काममा दक्ष | 1100 | ३०,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

### अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा पुस २६ गते (11 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**G And P International Overseas Pvt. Ltd.**
Govt. Lic. No.: 1170/073/074
Basundhara-3, Kathmandu, Tel: 4357578, 4358489
Mob. : 9813993444, 9851192228 9851239698
Email: gnpintl73@gmail.com, Web.: www.gnpinternational.com.np



## शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारी

कम्पनी: MODERN STAR RECRUITMENT 'S HOUSEMAIDS SERVICES | शहर: JORDAN

पूर्व स्वीकृत मितिः २०७६/०९/१८ | चलानी नं.: ६०१४९४९५ | LT. No.: 230319

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/housemaid | 0 | 25 | स. काममा दक्ष | 300 | ३४,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

नोट : भाषा तथा घरायसी काम सम्बन्धी १ (एक) महिने तालिम अनिबार्य लिनु पर्ने । खाना, बस्न सहित तालिम निःशुल्क हुने र शुन्य लागत (Zero cost) मा जान पाईने ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

### अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २७ गते (12 Jan. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**हिमारब ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ३१४/०५९/०६०
एयरपोर्ट (सूचना विभाग पछाडी) काठमाडौं, नेपाल, फोन नं. ४११२७६८, ४११२७७८
९८५१०१३१९९, फ्याक्सः ४११२७४२, Email: overseashimarab@gmail.com



## कतारमा रोजगार | कम्पनी: EARTH TRADING & CONTRACTING
शहर: QATAR

पुर्व स्वीकृत मितिः २०७६/०९/१८ | चलानी नं.: ६०१४९५३८ | LT. No.: 230175

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 5 | 0 | | 1100 | ३४,४१० | | | | | | | |

### अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २६ गते (11 Jan. 2020) मा हुनेछ ।

